
बाइबल
शिक्षाहरुको श्रेणी



येशु को सवैभन्दा
आवश्यक कार्यहरुको
बारेमा स्व
अध्ययन गाईड

# येशू ख्रिष्टको मृत्यू र पुनरुत्थान

# येशू ख्रिष्टको मृत्यू र पुनरुत्थान

येशु को सबैभन्दा आवश्यक कार्यहरुको
बारेमा स्व अध्ययन गाईड

Multi-Language Productions
Bringing the Word to the World

प्रथम मुलपाठ पादरीहरुको सॅस्थागत समुदअयको ङ्घद्ध!द्धले बिशेष विश्कानसिन इभेजेनिकल लुथरन सिनेड्  व्दारा प्रकाशित गरिएको थियो ।

कपिराइट क १९९५

विश्कानसिन इभेजेनिकल लुथरन सिनेडको बहुभाषा प्रकाशन व्दारा मुलपाठ अनुकरण

२००६ मा प्रकाशित

रङगिन तथा सादा दृष्टान्तहरु ग्लेन मायरसको कार्य हो।
दृष्टान्तहरु नर्थवेस्टर्न पब्लिसिङग हाउसले सुरथित राखेको छ।

धर्मग्रन्थ पबित्र बाइबल, न्यु इन्टरनेशनल रिडर्स भर्जन बाट लिइएको हो।
कपीराइट १९९६, १९९८ इन्टरनेशनल बाइबल सोसायटी को अनुमतिले
इन्टरनेशनल बाइबल सोसायटील प्रयोग गरेको हो।

बुक ४

नेपाली अनुबाद: बी.आर. जोशी

# सूचीपत्र


यस पुस्तक को बारेमा 1

अध्याय १: येशूका अन्तिम दिनहरु 3

अध्याय २: बिश्वाघात र गिरफ्तारी 23

अध्याय ३: क्रुसमा चढाउने आदेश (दण्डाज्ञा) 41

अध्याय ४: येशूको मृत्यू 55

अध्याय ५: येशूको मृत्यूको कारण 71

अध्याय ६: ख्रिष्टको पुनरुत्थान 85

शब्दार्थ 103

अध्याय जाँचको उत्तरुहरु 105

अन्तिम जाँच 107


# ०२ यस पुस्तकको विषयमा

यस पुस्तकले तपाइलाई मुक्तिदाता येशूको बारेमा उत्साहवर्दक कुराहरु सिक्न सहायता गर्नेछ । प्रत्येक अध्याय एउटा सानो ताराले संकेत गरेको उदेश्यहरुको सूचिहरुबाट प्रारम्भ हुन्छ । ति उदेश्यहरुले तपाईले त्यस अध्यायमा के सिक्दै हुनुहुन्छ भन्ने बारेमा बताउनेछ । प्रत्येक अंशमा तपाइले केहि प्रश्न र उत्तरहरु पढ्नुहुनेछ । अध्यायको अन्तमा एउटा जाँच छ । यदि तपाइले अध्यायको अंश ध्यानपुर्बक पढ्नु भएको छ भने तपाइले प्रश्नहरुको सहि उत्तर सजिलै सं ग दिनसक्नुहुनेछ।

जब तपाई सबै प्रश्नोत्तर सक्नुहुन्छ, तपाईलाइ एउटा पेज नं. दिईएको छ, जसमा तपाई आफ्नो उत्तरहरु जाच्न सक्नुहुन्छ । यदि तपाईले त्यस पेजमा हेर्नुभयो भने सबैभन्दा मुनि सानो अक्षरमा उत्तरहरु लेखिएको पाउनुहुनेछ । तपाईको उत्तरहरु होसियारीपुर्वक जाच्नुहोस र यदि तपाइले केहि गल्तीहरु गर्नुभएको छ भने सच्याउनुहोस । अर्को अध्याय अध्ययन गर्नुभन्दा पहिले सबै प्रश्नहरुको उत्तरहरु जानीराख्न निश्चित हुनुहोस ।

यस पुस्तकको अन्त्यमा एउटा अन्तिम जाँच छ, तपाईले त्यो जाँच पुरा गर्नुभन्दा पहिले सबै अध्यायका जाचँहरुको पुनरावलोकन गर्नुहोस । जब पाई अन्तिम जाँच पुरागर्नुहुन्छ, तपाईले पुरागर्नु भएको जाँचको पेज तपाईलाई पुस्तक उपलब्द्ध गराउने व्यक्तिलाई दिनुहोस अथवा यस पुस्तकको पछाडी भएको ठेगानामा पठाउनुहोस । त्यस ब्यक्ति ले तपाइले दिनुभएको जाँच हेर्ने छ।

येशूको बारेमा र उहाँले गर्नुभएका कामहरुको बारेमा अझै सिक्न परमेश्वरले तपाईलाई सहायता गरुन । यसरी तपाई सदासर्वदा उहाँसंग भैरहनुहोस ।



## अध्याय एक

# येशूका अन्तिम दिनहरु

कोहिपनि मर्न चाहदैनन् । तैपनि हामीहरुमध्य हरेकको मृत्यु अवश्यनै
हुनेछ । मृत्यूलाई नकार्न सकिदैन् ।

के तपाईले कसैको कल्पना गर्न सक्नुहुन्छ जसले मर्ने इच्छा प्रकट गरिरहेछ ? के तपाई कसैको कल्पना गर्न सक्नुहुन्छ कि जो शासकको सामु उभिएर मृत्यु बाट छुटकारा पाउने अवसरलाई लाइ नकारी रहेछ ।

येशू ख्रिष्टले यस्तै गर्नुभयो । यस पुस्तकमा हामी येशूको मृत्यू कसरी भयो भन्नेबारेमा सिक्नेछौ र हामी यो पनि थाहा पाउने छौ कि येशू किन मर्नुभयो ?

पहिलो अध्यायमा येशूको मृत्यूहुनु भन्दा एक हप्ता पहिले के भयो हेर्नेछौ ।
जब यो खण्ड समाप्त गर्नुहुनेछ, तपाईले निम्न प्रश्नहरुको उत्तरहरु दिन सक्षम हुनुहुनेछ ।

- येशूका शत्रु को थिए ?
- किन तिनीहरु उहाँलाई मार्न चाहन्थे ?
- ईस्टर चाँड किन महत्वपुर्ण थियो ?

तपाईले सायद येशूको जीवन र शिक्षाको बारेमा " येशूख्रिष्ट " नामक पुस्तिकामा अध्ययन गरिसक्नुभयो होला । तपाईलाई थाहा छ उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ । उहाँ पापबाट छुटकारा दिने मुक्तिदाता हुनलाई संसारमा आउनुभयो ।

प्राचिन समयमा एउटा मात्र त्यस्तो राज्य थियो, जो परमेश्वरले मुक्तिदाता पठाउनुहुन्छ भन्ने बिश्वास गर्दथे । त्यो यहुदी राज्य थियो । आउनुहुने मुक्तिदाता लाई तिनीहरु मशिह भन्दथे । मशिहको अर्थ परमेश्वर द्धारा छानिएको भन्ने हो । यहुदीहरु उहाँलाई सयौं बर्ष देखि पर्खिरहेका थिए ।

यहुदीहरुको पर्खाइको समय धेरै लामो थियो र धेरै यहुदीहरुले मशिहले के गर्नुहुनेछ भन्ने बारेमा अनौठा बिचारहरु गर्न थाले । मशिहको बारेमा फरक फरक मानिसहरुको समुहको फरक फरक बिचार थियो । यसरी फरक बिचार गर्ने मानिसहरु तिनवटा समूहमा बाँडिए ।

पहिलो समूहमा सर्वसाधारण मानिसहरु जो मशिह महान संसारिक राजा भएर आउनुहुनेछ र सम्पुर्ण संसारमाथि शासन गर्न यहुदीहरुको नेतृत्व गर्नुहुनेछ भन्ने बिचार गर्दथे । येशू संसारमा रहनुभएको समयमा तिनीहरुले बिचार गरे जस्तो मशिहलाई असाध्य चाहान्थे ।

तपाईहरु देख्नुहुन्छ यहुदीहरुको राज्य त्यो समयमा रोमीहरुले कब्जा गरेका थिए र उनिहरुमाथि रोमी शासक पन्तियस पायलट तिनीहरुमाथि शासन गर्दथे । उनिहरु बाट कर संकलन गर्दथे र उनीहरुको भूमीमा रोमी सिपाहीहरु पहरा दिन्थे । याहुदि मानिसहरुले रोमीहरुलाई घृणा गर्दथे र तिनीहरु आफ्नो देशबाट हटेको चाहान्थे । तिनीहरुले चाहे अनुसार मशिहले गर्नुहुनेछ भन्ने कुरामा तिनीहरु सुनिश्चित थिए कि मशिहले रोमीहरुलाई खेद्नु हुनेछ ।

दोस्रो मानिहरुको समूह लाई फरिसी भनिन्थ्यो । तिनीहरुपनि मशिह चाडै आएको चाहान्थे । तर फरिसीहरु उहाँद्धारा रोमीहरुबाट बचाईने कुरा भन्दा पनि अझ बढ्ता गरी केही चाहान्थे । तिनीहरुलाई मशिहले पिठ्यूमा थपथपाएर तिमीहरु असल र पवित्र मानिसहरु हौ भनिदिएको चाहान्थे ।

फरिसीहरु घमण्डी मानिसहरु थिए जो आफैलाई पुरा रुपमा पवित्र छौ भनि ठान्दथे । तिनीहरु हामीले परमेश्वरको व्यवस्था राम्रो संग पालन गरेका छौ भन्ने बिचार गर्दथे । यद्यपी तिनीहरुले आफ्नो नियमहरु पनि बनाएर समावेश गरेका थिए र मानिसहरुले त्यो पालनगरेको चाहान्थे । फरिसीहरु उनिहरुले गरेको कार्य बाट मशिह गर्वित हुनुहुन्छ भन्ने चाहान्थे ।

तेस्रो मानिसहरुको समूह मुख्य पुजारीहरु थिए । तिनीहरु यहुदी बिच धार्मिक नेतृत्व थिए । कयाफास नाउँको प्रधान पुजारी तिनीहरुको नेता थिए । तिनीहरुको शक्तिको केन्द्र येरुशलेममा भएको परमेश्वरको महान मन्दिर थियो । यहूदीहरुको बिचमा तिनीहरुको ठुलो शक्ति थियो । आफ्नो शक्ति कायम राख्न तिनीहरुले सबै थोक गर्दथे । कहिलेकाँही तिनीहरु रोमीहरु संग पनि सहकार्य गर्दथे ।

प्रधान पुजारी मसिह आउनुभएको चाहदैनथ्यो । तिनीहरुमा रोमीहरुले मसिह आउनेकुराको चर्चा मनपराउने छैनन र रोमी सिपाहरुहरु पठाएर यहूदी राज्य नास गर्नेछन भनेर डराउथे । यदि त्यसो भएमा प्रधान पुजारी को शक्ति नास हुन्थ्यो । तिनीहरु कुनै पनि यहुदीले मसिह हुँ भन्ने दावी गरेको मन पराउदैनथे । प्रधान पुजारीको लागि यो अति खतरा हुन्थ्यो ।

१. सर्बसाधारण जनता मसिह ___________________ राजा भएको चाहान्थे ।

२. ______________ आफै संग घमण्ड गर्दथे र मसिहले तिनीहरुको पिठ्यूमा थपथपाएको चाहान्थे ।

३ . प्रधान पुजारी _______________________ रोमी सिपाहरुहरु पठाएर यहूदी राज्य नास गर्नेछन भनेर डराउथे

*पेज ८ मा हेरेर आफ्ना उत्तरहरु जाच्नुहोस ।*

सर्वसाधारण जनताहरु मसिह संसारिक राजा भएको चाहान्थे । फरिसीहरु तिनीहरुमाथि उहाँले घमण्ड गर्नुभएको चाहान्थे र प्रधान पुजाहारीहरु कुनैपनि मसिह आएको चाहदैन्थे । जब येशु अन्तिम समयमा येरुशलेममा प्रवेश गर्नुभयो, यस्तै मानिसहरु येशूलाई पर्खिरहेका थिए ।

येशू घना बस्ती भएको शहरमा आउनुभयो । यो ईस्टर चाड को बेला थियो । प्रत्येक यहुदी जो येरुशलेममा जान सक्थ्यो, उ त्यहाँ हुनै पर्दथ्यो । ईस्टर चाड तिनीहरुको निम्ति ठुलो उत्सव हो । यो आजकलका ख्रिष्टियनहरुको लागि ख्रिष्टमस जतिकै ठुलो थियो । ईस्टर चाड कसरी इस्रायलीहरु को राज्य बचाइयो भन्ने बारेको सम्झनामा मनाउने चाड हो ।

चौधौ सताब्दी अघाडी मोशाको समयमा यहुदीहरु मिश्रदेशका दासहरु भएका थिए । परमेश्वरले मिश्री राजालाई दण्डदिन दशवटा बिपत्तिहरु पठाएर तिनीहरुलाई स्वतन्त्र बनाउनु भएको थियो । अन्तिम बिपत्तिमा परमेश्वरले मृत्यूको दुतलाई मिश्रीहरुको पहिलो सन्तानलाई मार्न पठाउनु भएको थियो ।

यहुदीहरुलाई चाहिँ पाठो लिएर बलि चढाउनु र यसको रगतले प्रत्येक यहुदीहरुको दैलोमा पोतिदिनु भनिएको थियो । नितीहरुले पाठोको मासु पोलेर खाए । मृत्यूको दुतले त्यहाँ मृत्यू भैसकेको देख्नेछन् र तिमीहरुको घरमाथि भएर जानेछन् ।

*पेज नं.७ का उत्तरहरु: १.संसारिक, २.फरिसी ३.रोमी*

त्यस घटना पछि प्रत्येक बर्ष तिनीहरुले ईस्टर चाड मनाउन थाले । तिनीह्रुले निष्खोट पाठो मारेर खान्छन् । त्यसले तिनीहरुलाई कसरी
पाठोको रगतले मृत्यूबाट बचायो र दासत्व बाट छुटकारा पाउन मद्दत गरयो भन्ने सम्फना गराउद्थ्यो । यस्तै प्रकारले येशूको मृत्यूले हामीलाई अनन्तको मृत्यूबाट बचाएको छ र पापको दासत्वबाट छुटकारा गराएको छ ।

४. येशू ____________________ चाडको लागि येरुशलेममा आउनुभयो ।

५. यो चाड _________________ समयमा कसरी यहुदीहरु दासत्व र मृत्यूबाट बचाइए भन्ने सम्फनामा मनाईन्छ ।

६. यहुदीहरुलाई एउटा __________________ मारेर यसको रगत दैलोमा पोत्न भनिएको थियो, यसरी मृत्यूको दुत तिनीहरुको घर भएर जानुहुन्थ्यो ।


७. प्रत्येक बर्ष त्यो चाडको दिनमा तिनीहरुले एउटा निष्खोट पाठोलाई मारेर ______________________ ।

*पेज नं. १३ मा दिइएका उत्तरहरु हेरेर आफ्नो उत्तर जाच्नुहोस ।*

येशू ईस्टर चाड भन्दा पहिलो आईतबार येरुशलेममा आउनुभयो । मानिसहरुले मोशाको समयमा कसरी तिनीहरु मिश्रीहरुबाट बचाइए भन्ने सम्झना गरेर अहिले रोमीहरुबाट बचाइने आशा गरे ।

जब येशू येरुशलेममा आउनुभयो ,उहाँ धेरै आश्चर्यकाम गर्ने व्यक्तिको रुपमा परिचित हुनुभयो ।उहाँले आफुलाई परमेश्वरले पठाउनुभएको हो भन्ने प्रमाणित गर्नुभयो । सर्वसाधारण जनता रोमान्चित भए । तिनीहरु येशू नै तिनीहरुले प्रतिक्षा गरिरहेका राजाहुनुहुन्छ भन्ने कुरामा निश्चित थिए ।

येशूलाई थाहा थियो कि उहाँ येहुदीहरुको राजाहुनुहुन्थ्यो तर उहाँ संसारिक राजा हुन चाहनुहुन्थेन् । प्राचिन समयका पैगम्बरले भनेका थिए कि उहाँ अनन्तका राजा हुनुहुनेछ । यद्दपी एक जना पैगम्बरले येशू अनन्तका राजा हुनुहुनेछ भनेर कुन मानिसबाट थाहा पाईनेछ भनेर भविश्यबाणी लेखेका छन् । उनले भने राजा नम्र वा सुधो मानिसको रुपमा येरुशलेममा प्रवेश गर्नुहुनेछ तर घमण्डी संसारिक राजाको रुपमा होईन् । राजा नम्र गधाको सवारीमा आउनेछन् तर तेजश्वी घोडामा होईन् ।



*येशु गधाको सवारी मा येरुस्लम प्रवेश गर्नु भयो*

यसरी येशूले एउटा सानो गाउँबाट गधा ल्याउनु भयो र त्यसको सवारीमा येरुशलेममा जानुभयो र सर्बसाधारण मानिसहरुको भिड रोमान्चित भए ।

मानिसहरु येशूलाई स्वागत गर्न दगुरे । तिनीहरु कराउदै तिनीहरुका आउनुहुने राजाको बारेमा गित गाए । तिनीहरुले खजुरका हाँगा र आफ्ना लुगा खोलेर उहाँ भन्दा अघि बाटोमा ओच्छ्याए । त्यस कारण यस दिन लाई खजुर चाड भनिन्छ।

८. सर्बसाधारण मानिसहरुले येशूलाई _______________ राजाको रुपमा आदर गरे ।

९. येशू ________________ राजा हुनलाई आउनुभयो ।

१०. उहाँ ___________________ को सवारीमा येरुशलेममा आउनुभयो

११. त्यो दिनलाई हामी _______________________ भन्दछौं ।

*पेज नं.१४ को मुनीतिर हेरेर तपाईको उत्तर जाच्नुहोस ।*

मानिसहरुको भिडमा फरिसीहरु खुसी थिएनन् । येशू तिनीहरुले चाहेजस्तो मशिह हुनुहुन्थेन् । उहाँले तिनीहमाथि गर्वगर्नुभएन् । उहाँले धेरै पटक तिनीहरुको आलोचना गर्नुभयो । किनकि तिनीहरु आफ्नो नियम परमेश्वरको व्यवस्था जस्तै महत्वपुर्ण छ र कति नियमहरु परमेश्वरको व्यवस्था भन्दा पनि महत्वपुर्ण छ भन्ने बिचार गर्दथे । जब तिनीहरुले येशूलाई मानिसहरुले राजाको रुपमा सम्मान गरेको देखे, तिनीहरु रिसाए । तिनीहरुले येशूलाई भने “मानिसहरुलाई यसो गर्नदेखि रोक्नुहोस” तर येशूले जवाफ दिनुभयो “यिनीहरु चुपलागे ढुङ्गामुडाहरुले होहल्ला सुरु गर्नेछन्” ।

येशू यसप्रकारले तिनीहरुको शहर येरुशलेममा आउनुभएकोमा प्रधानपुजारीहरु रोमान्चित भएनन् । तिनीहरुलाई थाहा थियो कि रोमी शासक पन्तियस पायलट शहरमा छ, रोमी शैनिकहरु मन्दिर नजिकै आफ्ना छाउनीमा
थिए। मानिसहरुले हुलदंगा गर्नेछन र पायलटले सिपाहीहरु पठाएर धेरै रक्तपात हुनेछ भनेर डराएका थिए । सारा संसार उहाँलाई भेटन जादैछ “यो येशूलाई हामीले रोक्नै पर्दछ” तिनीहरुले बिरोध गरे ।

| |
|---|
| *पेज नं. ९–१०  का उत्तरहरु: ४.ईस्टर, ५.मोसा ६.पाठो ७.खान्थे* |

तर प्रधानपुजारीले एउटा योजना बनाएका थियो । तिनीहरुको नेता प्रधानपुजारी कयाफास ले योजना बनाउन केही हप्ता पहिले सुझाव दिएको थियो । तिनीहरु येशूको बारेमा चिन्तित थिए । उनीहरु निश्चित थिएकि येशूको कारणले हुलदंगा हुनेछ र पायलटले यहुदीहरुलाई नास पार्नेछ । तब कयाफासले भन्यो "सम्पुर्ण राज्य नासहुनु भन्दा सबै मानिसहरुको लागि एकजना मर्नु असल छ (यूहन्ना ११:५०)" ।

तब तिनीहरु येशूलाई पक्राउ गर्न र उहाँलाई मार्न लागीपरे । यद्दपी तिनीहरुलाई कसैले सहायतागरेको थियो । येशूका १२ जना अनुयायी हरु थिए । जो उहाँलाई पच्छ्याउथे । तिनीहरु मध्य एउटा यहुदा इस्करयोती थियो । उ येशूको साथमा रहदा कोषाध्यक्ष पनि थियो । उसले प्रधानपुजारी को हातमा येशूलाई पक्राइदिन मन्जुर गरयो र तीसवटा चादीका सिक्कामा पक्राईदिन मोल गरयो । तिनीहरुले भने " तर हामी ईस्टर चाड समाप्त नहुन्जेल पर्खिनुपर्दछ" । यदि तिनीहरु मानिसहरु येरुशलेमबाट फर्किन्जेल सम्म पर्खे भने सर्बसाधारण मानिसहरुको खैलाबैला बिना येशूलाई मार्न सक्थे ।

| पेज नं. १२ का उत्तरहरु: ८.संसारिक ९.अनन्त १०.गधा ११.खजुर चाँड |
|---|

१२. फरिसीहरुले येशूलाई घृणा गरे किनकि उहाँले धेरै पटक तिनीहरुको ________________________ गर्नुभयो ।

१३. प्रधान पुजारीहरु येशूको कारण ______________ हुनेछ भनेर डराएका थिए ।

१४. प्रधान पुजारीहरुले ईस्टर चाड पछि येशूलाई ____________ निधो गरे ।

१५. तिनीहरुले येशूको खचान्जी _________________भेट्टाएर येशूलाई पक्राईदिन मन्जुर गरे ।

*पेज नं.१६ का उत्तरहरु हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

ईस्टर चाडभन्दा अघाडीका दिनहरुमा फरिसी र प्रधानपुजारीहरुले मनपराउने खालको केहीपनि येशूले गर्नुभएन् । उहाँले परमेश्वरको मन्दिरको सफाई गरेर सुरुआत गर्नुभयो । प्रधानपुजारीले मन्दिरमा सबै प्रकारका व्यापार गर्न अनुमति दिएका थिए । जसले गर्दा मन्दिरमा आउनेहरुलाई परमेश्वरमा एकाग्र हुन असजीलो भएको थियो । यसैले येशूले तिनीहरुलाई मन्दिरबाट बाहीर निकाली दिनुभयो । उहाँ तिनीहरुमाथि कराउनु भयो “मेरो घर प्रार्थनाको घर हुनेछ तर तिमीहरुले यसलाई डाँकुहरुको ओडार बनायौ” (लुका १९:४६) ।

येशूले अझै केहि दिन मन्दिरमा प्रचारगर्दै र सिकाउदै बिताउनु भयो । प्रधानपुजारीहरु झुक्याउने प्रश्नहरु लिएर उहाँकहा आइरहे । उनिहरुले आशा गरेका थिएकि येशूले केहि गलत कुरा भन्नुभयो भने सर्वसाधारण जनताहरु उहाँसंग रिसाउने छन् ।अथवा उहाँले रोमीहरुको बिरुद्धमा केहि कुरा भन्नुभएमा पायलट रिसाएर उहाँलाई मार्नेछ ।

तर तिनीहरुले आफ्ना कुराले येशूलाई जालमा पार्न सकेनन् । उहाँले लगातार रुपमा कसरी प्रधानपुजारी र फरिसीहरु परमेश्वरको ईच्छालाई पालन गर्दैनन भन्ने कुरा सिकाउनु भयो ।येशू आराम गर्नको लागि शहर छोडेर अन्तै जानुभयो । उहाँ बिहिबार ईस्टर चाँडको दिन सम्म फर्कनु भएन् ।

१६. येशूले ________________ र ________________ गर्नेहरुलाई मन्दिरबाट निकाल्नुभयो ।

*पेज नं.१५ का उत्तरहरु: १२.आलोचना १३.हुलदंगा १४.मार्ने १५.यहूदा इस्कारयोत*

१७. उहाँका शत्रुहरु ________________ प्रश्न लिएर उहाँकहाँ आईरहे ।

१८. उहाँले लगातार रुपमा उहाँका शत्रुहरु _____________________ बारेमा बोलिरहनु भयो ।

१९. अन्त्यमा उहाँ शहर बाट जानुभयो र _________________ फकर्नु भएन् ।

*पेज नं.१८ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

## अध्याय एकको शारांश

यहुदी मानिसहरु सयौ बर्ष देखि उद्दारकर्तालाई पर्खीरहेका थिए । तिनीहरु उहाँलाई मशिह भन्दथे । जसको अर्थ परमेश्वर द्धारा छानिएको भन्ने हुन्छ । सताब्दीयौ बित्दैजाँदा उहाँको बारेमा तिनीहरुले फरक कुराहरु बिचार गर्नथाले । सर्बसाधारण मानिसहरुको बिचारमा उहाँ संसारिक राजा हुनुहुनेछ, जसले रोमी शासक र सिपाहीहरुलाई बाहिर धपाउनुहुनेछ भन्ने बिचार गर्दथे । फरिसीहरु चाहि हामीहरु पवित्र छौ र मशिहले पनि आफुहरु साह्रै असल भएकोमा प्रसंसा गर्नुहुनेछ भन्ने बिचार गर्दथे । प्रधान पुजारीहरु उहाँ कहिलेपनि आउनुहुने छैनन् भन्ने आशा गर्दथे । किनकि उहाँ आउनुभएमा रोमीशासक तिनीहरुको राज्य नास गर्नेछन भनेर तिनीहरु डराउथे ।

येशू यहुदीहरुको राजा हुनुहुन्थ्यो तर उहाँ अनन्तको राजा जो सबै मानिसहरुलाई तिनीहरुको पापबाट बचाउन आउनु भएको हो ।

उहाँ ईस्टर चाँडको समयमा यहुदीहरुको राजधानी येरुसलेममा आउनुभयो ।
ईस्टर चाँड पवित्र दिन हो । जुन दिन मानिसहरु कसरी तिनीहरुको राज्य मोशाको समयमा मृत्यू र दासत्व बाट बचाइयो भन्ने सम्भना गर्दछन् । परमेश्वरले तिनीहरुलाई बचाउन निष्खोट पाठोलाई मारेर त्यसको रगत दैलोमा पोत्न भन्नुभएको थियो । प्रत्येक बर्ष त्यो चाँडको समयमा तिनीहरु कसरी परमेश्वरले तिनीहरुको बदलामा पाठोको रगतद्धारा तिनीहरुलाई मृत्यूबाट बचाउनुभयो भन्ने सम्भना गर्दै चाँड मनाउथे ।

आईतबार येशू शहरमा आउनुभयो यसलाई पाम सन्डे अथवा खजुर चाँड भनिन्छ । किनकी सर्बसाधारण मानिसहरुले बाटोमा मानिसहरुले खजुरका हाँगा ओच्छ्याएर उहाँको स्वागत गरे । बाइबलमा पैगम्बरहरुले भनेजस्तै उहाँ गधाको सवारीमा येरुशलेममा आउनुभयो ।

*पेज नं.१७ को उत्तरहरु १६. व्यापारीहरु , १७ .छल*
*१८. प्रधानपुजाहारी १९. बिहिबा*

उहाँले परमेश्वरको मन्दिरमा व्यापार गर्ने र पैसा साटनेहरुलाई धपाउनुभयो र यहुदीहरुलाई त्यहाँ प्रचार गर्नुभयो । उहाँका शत्रुहरुले उहाँलाई झुक्याउने प्रश्नहरु सोधेर समात्न खोजे तर सफल भएनन् । प्रधानपुजारीहरुले पक्रने र मार्ने योजना बनाए । तिनीहरुलाई सहयोग गर्न येशूको एकजना चेला यहुदा इस्करयोतीले येशूलाई पक्राउन सहयोग गर्न सहमत भयो तर तिनीहरुले ईस्टर चाँड पछि पर्खने निणर्य गरे । किनकि सर्बसाधारण मानिसहरु येरुसलेम बाट पर्खिसक्ने छन् र तिनीहरुले यो थाहा पाउने छैनन् भन्ने बिचार गरे ।

## अध्याय एकको जाँच

१. सर्बसाधारण मानिसहरुले ______________ संसारिक राजा भएको चाहान्थे ।

२. ______________________ आफ्नो नियम र आज्ञा पालनमा घमण्ड गर्दथे र येशूले स्याबासी दिनुभएको चाहान्थे ।

३. प्रधानपुजारीहरु, मशिह आउनुभएमा __________________ ले तिनीहरुको देश सर्बनास पार्नेछन् भनेर डराउथे ।

४. येशू ____________________ चाँडको लागि येरुशलेममा आउनुभयो ।

५. यो चाँड कसरी यहुदीहरु ______________________ दिनमा दासत्व र मृत्यूबाट बचाइए भन्ने सम्झनामा मनाईन्छ ।

६. यहुदीहरुलाई ________________________ मारेर तिनीहरुको घरको प्रवेश द्धारमा पोत्न भनिएको थियो, यसरी मृत्यूको दुत तिनीहरुको घरमाथी भएर जानुहुन्थ्यो ।

७. प्रयेक बर्ष त्यो दिनको महोत्सवमा यहुदीहरुले निक्खोट पाठोलाई मारेर ____________________ पर्दथ्यो ।

८. सर्बसाधारणले येशूलाई ____________________ राजाको रुपमा स्वागत गरे ।

९. येशू _________________ राजा हुनलाई आउनुभयो ।

१०. उहाँ _________________ मा चढेर येरुशलेममा आउनुभयो ।

११. त्यो दिनलाई हामी ___________________ भन्दछौं ।

१२. मुख्य प्रधानपुजारी येशूले ____________________ गराउनुहुन्छ भनेर डराए ।

१३. उनिहरुले येशुको खजाञ्चिलाई ____________________ मन्जुर गराए।

१४. प्रधानपुजारीले ईस्टर चाँडपछि येशूलाई ____________________ सल्लाह दिए।


१५. येशूले ____________ र _______________ मन्दिरबाट बाहिर धपाउनु भयो ।

१६. उहाँका शत्रुहरु__________________ प्रश्नहरु लिएर उहाँकहा आईरहे।

१७. उहाँले आफ्ना सत्रुहरुलाई ____________, _______________ र ___________________ बारेमा बोलीरहनु भयो ।

१८. उहाँले शहर छोडनुभयो र सम्म फर्किनु भएन् ।

*पेज नं. १०५ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*



## अध्याय दुई

# बिश्वाघात र पक्राउ

येशू कुनैपनि अपराध बिना पक्राउ पर्नुभयो । उहाँका शत्रुहरु उहाँलाई हटाउन चाहान्थे यसकारणले मात्र येशू पक्राउ पर्नुभयो । उहाँ सजिलैसंग भागेर लुक्न सक्नुहुन्थ्यो । तर उहाँ शान्तपुर्वक उहाँलाई पक्राउगर्न आएका सिपाहीहरु कहाँ जानुभयो ।उहाँहाम्रो पापको लागि मर्न चाहनुहुन्थ्यो । यसकारण उहाँले यसो गर्नुभयो ।

तर येशूले कसैलाई पनि उहाँ सामान्य कैदी जस्तो हुनुहुन्छ भन्ने सोच्न दिनुभएन् । भैरहेको सबै कुरा उहाँको नियन्त्रणमा छ भन्ने कुरा उहाँले प्रमाणित गर्नुभयो । यो कुरा हामी यस अध्यायमा धेरै पटक हेर्नेछौ । यस अध्यायको समाप्ति पछि तपाई निम्न कुराहरुमा सक्षम हुनुहुनेछ ।

- हामीलाई भन्नसक्नुहुन्छ जब येशू पकाउ पर्नुभयो येशूका अनुयायीहरुले के गरे ।

- हामीलाई भन्नसक्नुहुन्छ येशूले कसरी उहाँलाई पक्राउ गर्नेहरुको वँहाको नियन्त्रणमा छन भन्ने देखाउनु भयो ।

- हामीलाई भन्नसक्नुहुन्छ कसरी येशूले सबैको महानता के हो ? भन्ने देखाउनुभयो ।

बिहिबारको राती येशू येरुशलेममा फर्कनुभयो । उहाँ ईस्टरको भोज आफ्ना १२ जना अनुयायीहरुसंग बसेर खान चाहनुहुनथ्यो । यद्दपी ति बिश्वाशयोग्य अनुयायीहरुले येशू संसारिक राजा हुनुहुनेछ भन्ने आशा गरेका थिए । तिनीहरु खानको लागि बसे र येशूको राज्यमा को महान हुने भन्ने बारेमा बिवाद गर्न थाले ।

येशूले केहि क्षण सुन्नुभयो, अनि उहाँ उठ्नुभयो र आफ्नो कम्मरमा तौलियो बेह्रेर चेलाहरुका खुट्टा धुन थाल्नुभयो । यस्तो प्रकारको काम घरको सबभन्दा निम्न स्तरको नौकरलाई मात्र दिईन्थ्यो ।

येशूले तिनीहरुलाई पाठ सिकाउलाई यस्तो गरेको भन्नुभयो । साँचो महानताको अर्थ अरुको सेवा गर्नुहो । उहाँ संसारको पापको लागि आफ्नो जीवन दिएर यो गर्दैहुनुहुन्थ्यो ।

१. बिहिबार राती येशू र उहाँका अनुयायीहरुले ___________________ भोज खाए ।

२. येशूले महानताको अर्थ अरुको _________________ गर्नु हो भन्ने देखाउन तिनीहरुको खुट्टा धुनुभयो ।

३. येशूले आफ्नो जीवन संसारको ____________________ लागि दिएर सेवा गर्दैहुनुहुन्थ्यो ।

*पेज नं. २८को मुनितिर हेरेर आफ्ना उत्तरहरु जाच्नुहोस ।*

यो ठुलो चाँडको राती थियो तर पनि येशू साह्रै दुखित हुनुहुन्थ्यो । अन्त्यमा उहाँले अनुयायीहरुलाई भन्नुभयो कि तिनीहरु मध्ये एक जनाले उहाँलाई धोका (बिश्वाशघात) दिनेछ । उहाँलाई शत्रुको हातमा
सुम्पिदिनेछ । येशूले भन्नुभयो जब यस्तो हुनेछ, बाकि सबै अनुयायीहरु उहाँबाट टाढा भाग्नेछन् र लुक्नेछन् । तिनीहरु मध्ये पत्रुसले तिनपटक सम्म उहाँलाई चिन्दिन भन्नेछन् ।



*येशूले भन्नुभयो “ल यो खाउ , यो मेरो शरिर हो”*
*येशूले भन्नुभयो “ल यो खाउ, यो मेरो शरिर हो”।*

यहूदा इस्करयोती बाट सबै अनुयायीहरु अचम्मित भए । यहूदा बिश्वासघाती थियो । उसलाई थाहा थियो कि मुख्य पुजारी येशूलाई ईस्टर चाँडको समयमा पकाउगर्न चाहदैनथे । तर येशूको अर्को योजना थियो । उहाँले यहूदालाई भन्नुभयो जाउ यो कार्य अहिले नै गर । यहूदा खाना छोडेर मुख्य पुजारी कहाँ गयो ।

येशूले धेरै समय आफ्ना बाकि अनुयाईहरु संग बिताउनुभयो । उहाँले तिनीहरुलाई उहाँ गएपछि के गर्नुपर्छ सिकाउनुभयो । उहाँले तिनीहरुको लागि फेरी आउने बाचा गर्नुभयो । आनुयायीहरु अलमलमा परेका थिए । उहाँले भन्नुभएको कुरामा तिनीहरुले बिश्वास गर्न सकेनन् ।

येशूले तिनीहरुलाई नयाँ भोजन दिनुभयो । ईस्टर चाँड यहुदीहरुले रोमीहरुको दासत्वबाट छुटकारा भएको सम्झनामा मनाउथे । यस नयाँ भोजनले हाम्रो पापको दासत्व र मृत्यूको छुटकारा सम्झना स्वरुप मनाइन्छ । यस भोजन लाई प्रभुभोज भनिन्छ । प्रभुभोजमा नियमित रुपमा भाग लिएर ख्रिष्टियनहरु हाम्रा सबै अपराध क्षमा भएकोमा उहाँ उच्च आदर गर्दछन् । उहाँले आफ्नो मृत्यूद्धारा यो प्रमाणित गर्नुभएको छ कि अरुको सेवा गर्नुनै महानता हो ।

४. येशूले आफ्ना अनुयाईहरुलाई त्यस राती तिनीहरु मध्ये एकजनाले उहाँलाई ____________________ गर्ने छ भन्नुभयो ।

५. त्यो मानिस, जसले येशूलाई पक्राई दियो, उसको नाउँ ________________ थियो ।


६. तिनीहरु मध्ये ____________________, तीन पटक येशूलाई इन्कार गर्नेछ ।

७. येशूले तिनीहरुलाई नयाँ भोजन दिनुभयो । जसलाई हामी _________________ भन्दछौ ।

*पेज नं. ३० को मुनी हेरेर आफ्ना उत्तरहरु जाच्नुहोस ।*

भोजनपछि येशूले चेलाहरुलाई शहर बाहिर लैजानुभयो । उहाँ गेतसमनीको बगैचामा जानुभयो । त्यहाँ उहा एक्लै भएर परमेश्वर संग प्रार्थना
गर्नुभयो । उहाँले हुन आउने घटना टलोस भनेर प्रार्थना गर्नुभयो । तर उहाँले परमेश्वरको ईच्छा अनुसार होस भनेर पनि प्रार्थना गर्नुभयो । त्यस समयमा उहाँका चेलाहरु सुतिरहेका थिए ।

*पेज नं.२५ का उत्तरहरु १. ईस्टर २. सेवा ३. पापहरु*



येशूले गेतसमनि बगैचामा प्रार्थनागर्नु भयो ।

तर यहुदा इस्करयोती सुतीरहेको थिएन् । जब येशूले उसलाई बाहिर पठाउनुभयो । हतारिएर उ प्रधानपुजारी कहाँ गयो । प्रधानपुजारीहरु ईस्टर चाडँको समयमा येशूलाई पक्रन चाहदैनथे । तर तिनीहरुले यहुदा इस्करयोतीसंग सिपाहीहरु र पुजारीहरुलाई पठाए ।

येशू जानुभएको ठाउँ यहुदालाई थाहा थियो । उसले सिपाहीहरुको दल र पुजारीहरुलाई लिएर गयो । उ सिपाहीहरुले अध्यारोमा अरु मानिसलाई पक्रेको चाहदैनथ्यो । त्यसैले उसले तिनीहरुको लागि एउटा संकेतको व्यवस्था गरयो । उ येशूकहाँ जानेछ र येशूलाई अविवादन गर्न चुम्बन गर्नेछ ।

येशूले सिपाहीहरुलाई आईरहेका देख्नुभयो, उहाँले आफ्ना अनुयायीहरुलाई ब्यूझाउनुभयो र उहाँका शत्रुहरुलाई भेटन जानुभयो । यहुदा इस्करयोती आएर उहाँलाई चुम्बन गरयो । येशूले सोध्नुभयो, के तिमी चुम्बन गरेर पक्राउदैछौ ? अनि उहाँ सिपाहीहरुको दल तिर फर्केर सोध्नुभयो “ तिमीहरु कसलाई खोज्दैछौ ?”

“नासरतको येशूलाई ” तिनीहरु कराए ।

*पेज नं.२८ का उत्तरहरु ४. विश्वासघात ५. याहुदा ६. पुत्रस ७.प्रभु भोज*

येशूले जवाफ दिनुभयो “म त्यहि हुँ” । ति शब्द संगै पुरा दल भुईमा पछारियो । येशू तिनीहरुलाई देखाउदै हुनुहुन्थ्यो कि सामान्य शब्दहरुले उहाँ तिनीहरुलाई हराउन सक्नुहुन्छ । तर उहाँले तिनीहरुलाई उठेर उहाँलाई पक्रन अनुमति दिनुभयो ।

उहाँको चेला पुत्रस भैरहेको सबै घटना सहन तयार थिएन् । उसले तरवार निकालेर हावामा घुमाउन सुरु गरयो, येशूले पुत्रसलाई रोक्नभन्दा पहिले नै उसले एकजना मानिसलाई घाईते बनाईदिनुभयो । येशूले त्यो मानिसलाई निको पार्नुभयो र कप्तानलाई आफ्नो अनुयायीहरुलाई छोडिदिन भन्नुभयो । अनुयायीहरु टाढा भागेर लुके । जसरी पहिले येशूले यस्तो हुनेछ भन्नुभएको थियो ।

८. येशू ____________________ को बगैंचामा प्रार्थना गर्न जानुभयो ।

९. यहुदाले ______________________ गरेर येशूलाई पक्राईदियो ।

१०. येशूको एउटा शब्दले पुरै हुल ________________ पछाडी पछारियो ।

११.एकजना अनुयायी ____________________, ले तरवारले लडाई गरेर येशूलाई जिताउन कोशिश गरयो ।

१२. अनि येशुले सिपाहिहरुको हुल लाई वँहालाई ____________ दिनुभयो |

*पेज नं ३४ मा हेरेर आफ्नो उत्तरहरु जाच्नुहोस*

सिपाहिहरुले येशूलाई येरुशलेम शहरमा लगे । प्रधान पुजारीले यहुदी धार्मीक महाशभा बोलाए । जुन सन्हिड्रिन नामले प्रख्यात थियो । जब तिनिहरु शभामा थिए, प्रधानपुजारी कयाफासको ससुराले येशूलाई उहाँका व्यक्तिगत प्रश्नहरु सोधेर केरकार गरिरहेका थिए । जबकि यस्ता प्रश्नहरु सोध्नु यहुदी कानुन अनुसार अनुमति थिएन् । पुजारीहरु येशूलाई मार्ने कुरामा बढी तल्लीन थिए न कि तिनीहरुको कानुन पालन गर्ने कुरामा ।

पुत्रस र अरु अनुयायीहरु त्यो उत्तेजित भिडको पछिपछि लागे । तिनीहरु प्रधानपुजारी भएको ठाउँको आँगनमा थिए । यो चिसो रातीको समय
थियो । धेरै नौकरहरु आगो बालेर वरीपरी बसीरहेका थिए । पत्रुस पनि तिनीहरु संगै गएर बसे । तीन पटक मानिसहरुले तिमिपनि येशूको पछि लाग्ने मध्येको हुन भनेर सोधे । तीनै पटक पत्रुसले येशूलाई इन्कार गरेर उहाँलाई चिन्दिन भने । जसरी येशूले पत्रुसले तीनपटक उहाँलाई इन्कार गर्नेछन् भनेर भन्नुभएको थियो ।

तीन पटक पछि भाले बास्यो, येशूले पहिले भन्नुभए जस्तै भयो । येशूले पुत्रस पत्रुसलाई ताकेर हेर्नुभयो । पत्रुस असाध्यै दु:खी भएर त्यहाँबाट बाहिर गए ।

अत्यमा येशूलाई केरकार गर्नको लागि लगियो । मुख्य पुजारीहरुले येशूको बिरुद्धमा झुटो साक्षी दिनलाई मानिसहरु तयार पारे । झुटा साक्षीहरु तयार पारेर उहाँलाई दोषी ठहरयाउद्छौं र दण्ड दिन्छौं भन्ने तिनीहरुले बिचार गरेका थिए । दुर्भाग्यवस तिनीहरुको योजनाअनुसार साक्षीदिनेहरु मन्जुर भएनन् ।

येशू ति सबै कुराहरुमा चुपचाप रहनुभयो । त्यहाँ सबैलाई थाहा थियो कि यदि तिनीहरुले दुईजना साक्षीहरुलाई पनि मन्जुर गराउन सकेनन भने येशू मुक्तहुन सक्नुहुन्थ्यो । अन्त्यमा प्रधानपुजारी कयाफासले उहाँलाई सपथमा ल्याएर सोध्यो “ के तपाई परमेश्वरको पुत्र हुनुहुन्छ ?”

अब पनि येशू आफैलाई बचाउन सक्नुहुन्थ्यो ।यहुदी कानुनले भन्दछकि तपाईलाई दोष लगाएको प्रश्नको जवाफ तपाईले दिनुहुदैन् । तर येशू दोष लगाईएको चाहनुहुन्थ्यो । नत्र कसरी उहाँहाम्रो लागि मर्न सक्नुहुन्थ्यो । उहाँ झुटो हुनुहुन्नथ्यो । “हो म हुँ” उहाँले जवाफ दिनुभयो ।

धार्मिक महासभाले येशूले आफैलाई परमेश्वरको पुत्र हुँ भनेर परमेश्वरको अपमान गरेर अपराध गरेको दोष लगाए । तिनीहरुले येशूलाई मृत्यूदण्ड दिईनुपर्ने दोष लगाए । तब सिपाहीहरु जसले उहाँलाई पक्रेका थिए, र केही पुजारीहरु उहाँलाई थुक्नलागे, पिटनलागे र गिल्ला गर्नलागे ।

१३. यहुदी महाशभालाई ____________________ भनिन्थ्यो ।

१४. तिनीहरुले धेरै झुटा ____________________ हरुलाई येशूको बिरुद्धमा साक्षी दिन बोलाए ।

१५. अन्त्यमा प्रधानपुजारीले येशूलाई सपथमा ल्याएर म परमेश्वरको ____________________ हुँ भन्न लगाए ।

१६. उनिहरुले येशुलाई परमेश्वरको अपमान गरेको आरोप लगाएर __________ ____________ ।

*पेज नं ३७ मा हेरेर आफ्नो उत्तरहरु जाच्नुहोस*

*पेज न ३१ – ३२ का उत्तरहरु ८. गेतसमनि ९. चुम्बन १०. खस्नु ११. पुत्रस १२. पक्राउ*

# अध्याय दुईको शारांश

बिहीबारको राती येशूले अनुयायीहरु संग ईस्टर चाँडको भोज खानुभयो, जब तिनीहरु भोजनको बेलामा बसिरहेका थिए, उहाँले अनुयायीहरु खुट्टा धुनुभयो । तिनीहरुका खुट्टा धोएर उहाँले अनुयायीहरु अरुको सेवा गर्नुनै साँचो महानता हो भन्ने सिकाउनु भयो । उहाँ हाम्रो लागि क्रुसमा मरेर महान सेवा दिदैहुनुन्थ्यो ।

भोजनको समयमा उहाँले अनुयायीहरु मध्येबाटै एकजनाले उहाँलाई पक्राईदिनेछ भन्नुभयो । तब उहाँले शान्तपुर्वक यहुदा इस्करयोतीलाई पुजारीकहाँ गएर आफ्नो कामगर्न भन्नुभयो । उहाँले सबै घटना हुदा कसरी अनुयायीहरु तितरबितर हुनेछन् र कसरी पत्रुसले येशूलाई चिन्न इन्कार गर्नेछन् भन्नुभयो ।

येशूले अनुयायीहरुलाई र हामीहरुलाई बिषेश भोजन दिनुभयो, जसलाई प्रभुभोज भनिन्छ ।

प्रभुभोज खाईसकेपछि येशू अनुयअयी हरु सित गेतसमनीमा जानुभयो ।
त्यहाँ उहाँले स्वर्गिक पिता संग यदि सम्भव भएमा हुनआउने घटना उहाँबाट हटाई दिनुहोस भनेर भन्नुभयो तर उहाँले स्वर्गिक पिताको ईच्छा अनुसार होस भनेर पनि प्रार्थना गर्नुभयो ।

ठिक त्यसै समयमा मुख्य पुजारीले यहुदा संग एकहुल मानिसलाई येशूलाई पक्राउ गर्न पठाए । येशूले एउटा शब्द तिनीहरुसित बोल्नुभयो र तिनीहरु भुईमा पछारिए तर उहाँले तिनीहरुलाई उठन दिनुभयो र आफैललाई पक्राउगर्न अनुमति दिनुभयो । उहाँले पत्रुसलाई रोक्नुभयो किनकी उ तरवारले लडेर हराउन चाहन्थ्यो । येशूले पत्रुसले घाईते बनाएको मानिसलाई निको पार्नुभयो । तब अनुयायीहरु त्यहाँबाट तितरबितर भएर लुके ।

येशूलाई प्रधानपुजारी कहाँ ल्याइयो । जब यहुदीहरुको धार्मिक महासभा भेला भएर छलफल गरिरहेका थिए, प्रधानपुजारीको ससुराले येशूलाई व्यक्तिगत प्रश्नहरु सोधेर केरकार गरिरहेका थिए । पत्रुस येशूलाई पक्रने हुललाई पछ्याएर त्यहाँ आईपुगेको थियो । उसलाई मानिसहरुले येशूको पछिलाग्ने तिनी पनि हुन भनेर सोधे । तर पत्रुसले येशूलाई ईन्कार गरेर येशूलाई चिन्दिन भने ।

येशूलाई केरकार गर्ने बेलामा धेरै साक्षीहरुले झुटो गवाही दिए । अन्तमा येशूलाई सपथमा राखेर तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भनेर सोधे । येशू म हुँ भन्नुभयो र उहाँ मृत्यूदण्डको दोषी ठहरयाइनुभयो ।

## अध्याय दुईको जाँच

१. येशू र उहाँका अनुयायीहरु _______________ राती ईस्टर चाँड मनाए ।

२. येशूले तिनीहरुलाई अरुको सेवागर्नु नै साचो _________________ हो भनेर सिकाउनु भयो ।

३. येशूले संसारको ________________ लागि मरेर हामीलाई सेवागर्ने योजना बनाउनु भयो ।

४. एकजना अनुयायी _________________ले येशूलाई उहाँको शत्रुलाई पक्राईदियो ।

५. अर्को अनुयायी _____________ ले येशूलाई चिनेर पनि इन्कार गरयो ।

६. येशूले उहाँको अनुयायीहरुलाई उहाँको मृत्यूको सम्झना गर्न एउटा भोज दिनुभयो, जसलाई हामी __________________ भन्दछौ ।

७. येशू __________________ को बगैचामा जानुभयो ।

*पेज न ३४ का उत्तरहरु १३. धार्मिक महासभा (सेन्हिड्रिन) १४. साक्षी हरु १५. पुत्र १६. मृत्यु*

८. यहुदाले उत्तेजित समुहको नेतृत्व गरयो र ________________ द्धारा येशूलाई पक्राईदियो ।

९. येशूको ________________ ले समुह पछ्राडी पछ्रारियो ।

१०. जव उहाँ पक्राउ पर्नुभयो, येशूका अनुयायीहरु सबै ____________________________ भए ।

११. यहुदी धार्मिक महासभामा धेरै ________________________________ साक्षीहरु येशूको बिरुद्धमा ल्याए ।

१२. अन्तमा प्रधानपुजारीले येशूलाई सपथमा ल्याएर उहाँ परमेश्वरको ________________________ हुनुहुन्छ भनेर सोधे ।


१३. येशूलाई ___________________ दोषी ठहरयाईयो ।

*पेज न १०५ मा हेरेर आफ्नो उत्तरहरु जाच्नुहोस*

अतिरिक्त प्रश्नः तलका खाली ठाउमा येशूको पकाउ उहाँको नियन्त्रणमा थियो भन्ने प्रमाणित गर्नुभयो भन्ने बारेमा एउटा सूची बनाउनुहोस ।



*सिपाहीहरुले येशूको गिल्ला गरे ।*



## अध्याय तीन

# क्रुसमा झुण्डयाउने आज्ञा

येशूलाई धर्मगुरु र तिनीहरुले गर्ने निर्णय पहिल्यै नै थाहा थियो । उहाँ दोषी हुन र मर्न चाहनुहुन्थ्यो । यसरी उहाँको मृत्यूद्धारा हाम्रा पापको ज्याला तिर्दैहुनुहुन्थ्यो । यहुदी धार्मिक महासभा “सन्हेड्रिन” ले येशूलाई मार्नुपर्ने निर्णय गरे । तर तिनीहरुले येशूलाई तिनीहरुको निम्ती मार्न रोमी शासकलाई मनाउनुपर्ने थियो । यस अध्यायमा यो कसरी भयो भन्नेबारेमा पढनुहुनेछ । यस अध्यायको समाप्ती पछि तपाई निम्न कुराको उत्तरहरु दिन योग्य हुनुहुनेछ ।

- हामीलाई भन्न सक्नुहुन्छ येशूलाई केरकार गर्ने बेलामा पन्तियस पायलट र हेरोदर को अघाडी के भयो ।

- हामीलाई भन्न सक्नुहुन्छ कसरी यहुदी महासभाले येशूको बिरुद्धमा सबै भिडलाई भड्कायो ।

शुक्रबार बिहान धार्मिक महासभा “सनहेड्रिन” ले रोमी शासक पन्तियस पायलट कहाँ लगे । रोमी शासक यहुदीहरुमाथि शासन गर्दथे तसर्थ रोमी शासकहरुले मात्र अपराधीहरुलाई दण्ड दिन्थे । तब प्रधानपुजारीहरुले येशूलाई मृत्यूदण्ड दिन पायलटलाई मनाउन थाले र सहमत गराए ।

तर यहुदा इस्करयोतीको बिचार अर्कै थियो । उ पुजारीहरु कहाँ आयो र चादीका तीसवटा सिक्काहरु फिर्ता गर्न चाहनथ्यो । ति सिक्काहरु पुजारीहरुले येशूलाई पक्राईदिएकोमा दिएका थिए । मैले अपराध गरेकोछु उसले पश्चाताप गरयो । मैले निर्दोष रगतलाई धोकादिएको छु । पुजारीहरुले हामीलाई केहि वास्ता छैन भन्ने जवाफ दिए । यहुदाले सिक्काहरु तिनीहरुको अघाडी फ्याक्यो र उ त्यहाँबाट बाहिर गयो र झुण्डिएर आत्महत्या गरयो ।

१. यहुदी धार्मिक महाशभाले येशूलाई रोमी शासक कहाँ ल्याए, जसको नाम ________________ थियो ।

२. रोमी शासकहरुले मात्र कैदीहरुलाई ________________ दिन सक्थे ।

३. यहुदा ईस्करयोती बाहिर गयो र ____________________ गरयो ।

*पेज न. ४४ को मुनी तिर हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

जब पुजारीहरु र फरिसीहरले येशूलाई पन्तियस पायलटको सामु उपस्थित गराए, पायलट तिनीहरुलाई भेटन आए । तिनीहरुले पायलटलाई भने कि येशूले मानिसहरुलाई हुलदंगाको लागि भड्काउछ, तिनीहरुलाई कर नतिर्नु भनेर सिकाउछ र आफैलाई मशिह यहुदीहरुको राजा हुँ भन्दछ । रोमी शासकका अघाडी आफैलाई राजा हुँ भन्नु अपराध थियो । निश्चय नै रोमीहरुले यसको बारेमा केहि गर्नै पर्दछ ।

पिलातुसले येशुलाई केहि समय भित्र ल्याएर सोधपुछ गरे । अनि उसले बाहिर गएर भन्यो कि सबै आरोपहरु झुटा छन्, येशू निर्दोष हुनुहुन्छ र उहाँले मृत्यूदण्ड पाउनुपर्ने कुनै अपराध गर्नुभएको छैन् । निश्चय पनि पुजारीहरु यस कुरामा सहमत थिएनन् । उनिहरु ठुलो सोरले कराईरहे कि येशूले ग्यालिल बाट सुरु गरेर खैलाबैला मच्चाउदै आउनुभएकोछ ।

ग्यालिलको नाम सुनेर पिलातुस झन खुसी भयो राजा हेरोदर ग्यालिलको राजा थियो र ईस्टर चाँडको लागि येरुशलेममा आएको थियो । त्यसैले पायलटले येशूलाई येरुशलेममा हेरोदर कहाँ पठाई दियो र उसले येशूलाई निर्दोष भेटाएको खबर पनि दियो ।

हेरोदर येशुलाई भेट्नको लागि खुशी भयो । उसले येशुको बारेमा धेरै कुराहअरु सुनेको थियो ।हेरोदरले आशा गरेको थियो कि येशूले उसको लागि केहि आश्चर्यकाम गरिदिनुहुनेछ ।तर हेरोदरले येशु लाई प्रश्न गर्दा वँहा चुप बसिराख्नु भयो ।

जब येशूले त्यसो गर्नुभएन्, हेरोदर र उसका सिपाहीहरु येशूको गिल्ला गर्नलागे । अनि हेरोदले येशू निर्दोष हुनुहुन्छ भन्ने खबर सहित पायलट कहाँ फिर्ता पठाईदियो।

४. प्रधानपुजारीहरुले भने, येशू मानिसहरलाई ____________________ गर्न भड्काउनुहुन्छ र तिनीहरुलाई _______________________ नर्तिनु भन्नुहुन्छ ।

५. सुरुमा पायलट येशूलाई ________________________ गर्न चाहान्थ्यो ।

*पेज ४२–४३ का उत्तरहरु १. पन्तियस पायलट २. मृत्यु ३. झुन्डियो*

६. पायलटले येशूलाई ग्यालिलको राजा ________________ कहाँ पठाई दियो ।

७. राजा हेरोदरले पनि येशूलाई ________________________ पायो ।

*पेज नं. ४६ को मुनितिर हेरेर तपाईका उत्तरहरु जाच्नुहोस* ।

पायलटको न्यायालय अघाडी मानिसहरुको भिड जम्मा भएको थियो । मानिसहरुले थाहा पाए कि त्यहाँ केही हुदैछ मानिसहरु त्यहाँ के हुदैछ हेर्न चाहान्थे । येशूलाई सकेसम्म चाडै मार्ने पुजारीहरुको योजना असफल भएको थियो, तर तिनीहरुले मानिसहरुको भिडमा गएर येशूको बिरुद्धमा भड्काए ।

मानिसहरुलाई येशूको बिरुद्धमा भड्काउनु कठिन थिएन । मानिसहरु येशूलाई त्यो महान राजा भएको चाहान्थे जसले रोमी शासकहरुलाई परास्त गर्नेछ । तर अब येशू रोमीहरुको कैदमा हुनुहुन्थ्यो । पुजारीहरुले येशू बेईमान व्यक्ति हुनुहुन्छ, उहाँले जे पाउनुभयो सबै गुमाउनु भयो भनेर भड्काए र मानिसहरु मन्जुर भए ।

पायलट यो घटनाको बारेमा चिन्ता गर्न थाल्यो । अब पुजारीहरुले पायलट पायलटलाई वास्तविक कारण बताए कि उनिहरु येशूलाई मार्न चाहान्छन् । किनकी उहाँले आफैलाई परमेश्वरको पुत्र हुँ भनेर दाबी गर्नु भएको छ तिनीहरुले भने ।

पायलटले येशूलाई फेरी सोधपुछ गरे । उसले येशूलाई कहाँ बाट आउनुभयो र यहाँ किन हुनुहुन्छ भनेर सोध्यो । येशूले जबाफ दिनुभयो "सत्यको गवाही दिन यस संसारमा म आएको हुँ प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्दछ" (यूहन्ना १८:३८) ।

तर पन्तियस पायलटले प्रसिद्ध शब्दद्धारा जवाफ दिए । "सत्य के हो" (यूहन्ना १८:३८) र उसले सोधपुछ जारी राख्यो ।

८. प्रधानपुजारीहरुले मानिसहरुको भिडलाई येशूको _______________ उस्काए ।

९.पुजारीहरु येशूलाई मार्न चाहान्थे, किनकी उहाँले आफैलाई परमेश्वरको ________________________ भन्नुभएको थियो ।

१०. येशूले पायलटलाई भन्नुभयो कि उहाँ मानिसहरुलाई _____________________ भन्न आउनुभयो ।

पेज नं.४९ को मुनितिर हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

पायलटले येशूलाई मुक्त गर्ने योजना बनायो । प्रत्येक वर्ष ईस्टर चाँडको समयमा पायलटले एउटा कैदीलाई मुक्त गर्ने गर्दथ्यो ।

*पेज ४४-४५ का उत्तरहरु ४. विलासिता, कर ५. मुक्त ६. हेरोदर ७. निर्दोष*

पहिले उसले येशूलाई कोर्रा लगाउने आदेश दियो । उसले बिचार गरेको थियो कि रक्ताम्मे भएको येशूलाई देखेर भिडको हृदय पग्लिएर उहाँलाई मृत्यूदण्ड दिने कुरामा अफसोच गर्लान । तब उसले तिनीहरुलाई येशू र बरब्बा नामको एकजना डाँकु मध्ये एक जनालाई मुक्त गर्न छान्ने अनुमति दियो ।

तर तिनीहरु येशूलाई आफ्नो राजाको रुपमा स्वीकार गर्न तयार थिएनन् ।
त्यसैले तिनीहरु कराए "हाम्रो लागि बरब्बा दिनुहोस" (यूहन्ना १८:४०) ।

पायलटले सोधे "तपाईको राजालाई म के गरु" ?

तर तिनीहरु कराए "यी हाम्रा राजा होईनन तर सिजर हुन्, येशूलाई क्रुशमा झुण्डयाउनुहोस" । क्रुशमा झुण्डयाउनुको अर्थ चाहि किला ठोकेर कसैलाई मर्नको लागि छोड्नु हो ।

तब पुजारीहरुले पायलटलाई चुनौती दिए । "उहाँ आफैलाई राजा भन्नुहुन्छ यदि तपाईले उहाँलाई मुक्त गरिदिनुभयो भने तपाई उहाँको मित्र हुनुहुन्न् (यूहन्ना १९:१२)। अन्त्यमा पायलटले बारब्बालाई मुक्त गरिदिएर येशूलाई क्रुशमा झुण्डयाउने आदेश दिए ।




मानिसहरुले येशूलाई होईन बारब्बालाई छाने ।

११. पायलटले मानिसहरुको भिडलाई येशू र _______________ नामको डाँकू मध्ये एकजनालाई छान्ने मौका दिए ।

१२. भिडले येशूलाई ___________________ पायलट संग माग गरे ।

१३. प्रधानपुजारीहरुले पायलटलाई भने "यदि उसले येशूलाई छोडिदियो भने उ सिजरको ________________________ होईन् ।

१४. पायलटले येशूलाई क्रुशमा झुण्डयाउन उसको ___________________ सुम्पिदियो ।

*पेज ५० मा हेरेर आफ्नो उत्तरहरु जाच्नुहोस*

## अध्याय तीनको शारांश

शुक्रबार बिहान प्रधानपुजारीले येशूलाई पायलटकहाँ लगे । यहुदीहरुको त्यो देशमा मानिसहरुलाई मृत्यूदण्ड दिने अधिकार पायलटलाई मात्र थियो । येशूलाई पक्राउन सहयोग गरेकोमा यहुदा इस्करयोतीले आफैलाई दोषी ठहरयायो । उसले पुजारीहरुबाट लिएको सिक्काहरु फिर्तागर्ने प्रयास गरयो । तिनीहरुले त्यो पैसा फिर्ता लिएनन्, अनि उ गएर आफै झुण्डीएर आत्महत्या गरयो ।

*पेज ४६ का उत्तरहरु ८. बिरोध ९. पुत्र १०.सत्य*

प्रधानपुजारीले पायलट कहाँ गएर येशूले हुलदगां गर्दैछन् र मानिसहरुलाई कर नतिर्नलाई भड्काउदैछन् र उहाँले आफैलाई राजा हुँ भन्नुहुन्छ भनेर कुरा लगाए । पायलटले येशूलाई प्रश्नहरु सोध्यो र उहाँलाई निर्दोष ठहरयायो । पुजारीहरुले भने कि उहाँले ग्यालिलबाट सुरु गरेर यहाँ सम्म आउनुभएकोछ । पायलटले येशूलाई ग्यालिलको राजा हेरोदर कहाँ पठाए जो ईस्टर चाँडको लागि येरुशलेममा आएको थियो ।

हेरोदर आशा गरेको थियो कि येशूले उसको लागि केहि आश्चर्यकाम गरिदिनुहुनेछ । जब येशूले त्यसो गर्नुभएन्, हेरोदर र उसका सिपाहीहरु येशूको गिल्ला गर्नलागे । अनि हेरोदले येशू निर्दोष हुनुहुन्छ भन्ने खबर सहित पायलट कहाँ फिर्ता पठाईदियो ।

*पेज ४९ का उत्तरहरु ११.* बरब्बा *१२.* कुशमा *१३. साथी १४.* सिपाही

प्रधानपुजारीहरु पायलटको न्यायालय अघाडी जम्मा भएका मानिसहरु कहाँ गए । तिनीहरुले ति मानिसहरुलाई येशूको बिरुद्धमा भड्काए । पायलटले येशूलाई मुक्त गर्ने बिचार गरयो । उसले मानिसहरुलाई येशू र बरब्बा (एक जना हत्यारा) मध्ये एक जनालाई छान्ने मौका थियो ।
तिनीहरुले बरब्बालाई छाने र येशूलाई क्रुसमा झुण्डयाउने माग गरे । प्रधानपुजारीहरुले येशूलाई मृत्यूदण्ड दिन पायलटलाई दबाब दिए । यदि येशूले आफैलाई राजा भएको दाबी गरेको भए यो रोमीहरुको बिचमा अपराध गरेको ठानिन्थ्यो । अन्त्यमा पायलटले येशूलाई क्रुशमा झुण्डयाएर मार्ने आदेश दिए ।

## अध्याय तीनको जाँच

१. रोमी हाकिमको नाउँ ______________________ थियो ।

२. उसले मात्र अपराधीहरुलाई _____________________ को सजाय दिन सक्दथ्यो ।

३. शुरुमा पायलट येशूलाई _____________ चाहान्थ्यो ।

४. यहुदा इस्करयोती गएर आफै _________________।

५. प्रधानपुजारीहरुले भने, येशू मानिसहरुलाई _____________ गराउन र ___________________ नतिर्न भड्काउछन् ।

६. पायलटले येशूलाई उहाँ जन्मेको ठाउँ ___________________ को राजा हेरोदर कहाँ पठायो ।

७. हेरोदर येशूले _____________________ गरेको हेर्न चाहान्थ्यो ।

८. प्रधानपुजारीहरुले मानिसहरुको भिडलाई येशूको ___________________ भड्काए ।

९. प्रधानपुजारी येशूलाई मार्न चाहान्थे किनकी उहाँले परमेश्वरको _____________________ भन्नुभएको थियो ।

१०. येशूले पायलटलाई भन्नुभयो, उहाँ मानिसहरुलाई _______________________________ भन्न आउनुभएको हो ।

११.येशूको दयनिय स्थिती देखेर मानिसहरुले पश्चाताप गर्लान भन्ने सोचेर पायलटले येशूलाई ______________________ लाउने आदेश दिए।

१२.पायलटले भिडलाई येशू र ____________________ नामको हत्यारा मध्ये एक जनालाई छान्ने मौका दिए ।

१३. भिड पायलट संग कराए " येशूलाई ______________________" ।

अतिरिक्त प्रश्न:

किन प्रधानपुजारीहरु भिडलाई येशूको बिरुद्ध उस्काउन सफल भए ?

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________


_______________________________________________

_______________________________________________


_______________________________________________

_______________________________________________

*पेज नं. १०५ मा तपाईका उत्तरहरु जाच्नुहोस ।*



*सिपाहीहरुले येशूको गिल्ला गरे ।*



### अध्याय चार

# येशू ख्रिष्टको मृत्यू

येशूलाई थाहा थियो कि उहाँ , उहाँ मर्न जादैहुनुहुन्छ । उहाँ मर्नको लागि तयार हुनुहुन्थ्यो । उहाँ मर्न चाहानुहुन्थ्यो । बाइबलले हामीलाई उहाँको मृत्यूपछि के भयो भन्ने बारेमा पुरा चित्रण गर्दछ । यस अध्यायको समाप्ती पछि तपाई निम्न कुराहरुको उत्तर दिन सक्षम हुनुहुनेछ ।

- येशूको मृत्यूको घटनाहरुको बारेमा छोटकरीमा हामीलाई बणर्न गर्न सक्नु हुन्छ।
- भिड, पुजारी र सिपाहीहरुले उहाँ मर्दा के गरे बर्णन गर्न सक्नुहुन्छ ।

- शुक्रबार र शनिबार उहाँको चिहानमा के भयो बर्णन गर्न सक्नुहुन्छ ?

क्रुशमा झुण्डयाउने कुरा मानव को निम्ति अनि नै कठोर मृत्यूदण्ड दिने माध्यम हो । क्रुशमा झुण्डयाइने व्यक्तिलाई मरुन्जेल पिटिन्छ, अनि उसलाई आफ्नो क्रुस बोकाएर जहा मृत्यूदण्ड दिईनेहो त्यहाँसम्म लगिन्छ । उसका सबै लुगा फुकालेर हात र खुट्टामा किला ठोकेर क्रुसमा झुण्डयाईछ र बिस्तारै हुने पिडादायी मृत्यूलाई पखाईन्छ ।

येशूलाई यरुशलेम शहरको गल्लीहुदै शहर बाहिरको ठाउँमा लगियो । आईतबारको दिन उहाँ राजाको जस्तै सम्मानका साथ उहाँ येरुशलेमा आउनुभएको थियो । अब मानिसहरु उहाँलाई थुक्दै थिए । उहाँले बोकिरेको क्रुस गरुङ्गो भएको कारण उहाँ थकित हुनुभयो र रोमी शासकले भिडबाट एक जनालाई बोलाएर बाकि बाटोमा क्रुस बोक्न लगाए । अन्तमा उहाँहरु गलगत्था भन्ने ठाउँमा आइपुगे । जसको अर्थ खप्परहरु भऐको ठाँउ हो, यो डाँडालाई कल्वरी पनि भनिन्छ । त्यहाँ तिनीहरुले येशूलाई क्रुसमा झुण्डयाए ।

त्यहाँ तिनीहरुले दुई अरु अपराधीहरुलाई पनि येशू संगै क्रुसमा झुण्डयाए । एउटालाई येशूको दायाँतिर र अर्कोलाई बायाँतिर । पिडा सहनै नसक्ने थियो र अझै येशू पार्थनागर्दै हुनुहुन्थ्यो । "पिता यिनीहरुलाई क्षमागर्नु होस, यिनीहरुले के गर्दैछन् जानदैनन्" (लुका २३:३४ )।

१. येशू ______________________ को बाटो तिर जानुभयो ।

२. सिपाहीहरुले मानिसहरुको भिडबाट एकजना मानिसलाई येशूको ______________________ बोक्न लगाए ।

३. येशूलाई क्रुसमा झुण्डयाईएको ठाउँलाई ____________________ भनिन्छ ।

४. येशूले उहाँलाई क्रुसमा टाङ्गने मानिसहरुलाई ______________________ परमेश्वर पितासंग प्रार्थना गर्नुभयो ।

*पेज नं. ५८ मा हेरेर तपाई का उत्तर जाच्नुहोस ।*

भैरहेका सबै घटना हेर्नलाई मानिसहरुको ठुलो भिड जम्मा भएको थियो । आवतजावत गर्ने मानिसहरु पनि रोकिएर एकटक लगाएर हेर्थे । रोमीहरु प्रायजसो मृत्यूदण्ड पाउने मानिसको अपराध के हो भन्ने देखाउन क्रुसमा एउटा चिन्ह राख्थे । पायलटले येशूको क्रुसको माथि यस्तो लेखिएको चिन्ह राख्यो । "येशू यहुदीहरुको राजा हुन्" (मत्ति २७:३७) ।

पुजारीहरु र फरिसीहरुले पायलट संग गएर यो लेखिएको परिवर्तन गर्न लाउन सकेनन् ।

तिनीहरुले येशू क्रुसमा झुण्डीएको अवस्थामा उहाँको गिल्ला गरे । भिडमा हुनेहरु मध्ये धेरैजसोले यसरी नै येशूको गिल्ला गरे । यहाँसम्म कि एकजना अपराधी जो येशूसंगै क्रुसमा झुण्डीरहेको थियो, उसले पनि येशूको गिल्ला गरयो । अर्कोले चाहिँ येशू अनन्तको राज्यमा आउनुहुदा उसलाई सम्झन अनुरोध गरयो । येशूले उसलाई भन्नुभयो "म तिमीलाई साँचो भन्दछु कि आजै तिमी मसंग स्वर्गमा हुनेछौ" (लुका २३:४३)।

येशूका केहि मित्रहरु र परिवारका सदस्यहरु क्रुसको मुनी आए । त्यहाँ येशूले उहाँ कि आमा मरियम र यहुन्नालाई देख्नुभयो । उहाँले मरियमलाई भन्नुभयो "नारी, तिम्रा पुत्र" र यहुन्नालाई भन्नुभयो "तिम्री आमा"
(यहुन्ना १९: २६ –२७) । त्यसपछि यूहन्नाले मरियमको हेरचाह गर्नथाले ।

५. येशूको क्रुसमा यसो लेखिएर टागिंएको थियो, येशू यहुदीहरुका ____________________ हुन् ।

*पेज नं. ५७ को उत्तर १. येरुशलेम २. क्रुस ३. गलगत्था ४. क्षमा*

६. पुजारीहरु र मानिसहरुको भिडले येशूको _________________ गरे ।

७. येशू अरु _______________________ मानिसहरुसंग क्रुसमा टागिंनुभयो ।


८. येशूले तिनीहरु मध्ये एक जना उहाँसंग _____________________________ हुनेछ भन्नुभयो ।

९. येशूले आफ्नो आमाको हेरचाह गर्न उहाँको अनुयायी _________________________ लाई जिम्मा दिनुभयो ।

*पेज नं. ६१ मा हेरेर तपाई का उत्तर जाच्नुहोस ।*

क्रुसमा मानिसको मृत्यू बिस्तारै बिस्तारै हुन्छ । उ छिनछिनमा कमजोर हुदैजान्छ । मध्यान्हको समयमा जब येशू क्रुसमा हुनुहुन्थ्यो । सारा संसार भरि अन्धकार भयो । यो कुनै प्रकारको ग्रहण लागेर वा आधिको कारणले अन्धकार भएको थिएन् । सूर्यले प्रकाश दिन छोडेको कारणले यस्तो भएको थियो । येशू अन्धकारमा मर्दै हुनुहुन्थ्यो । मध्यान्हको समय हुदाँ उहाँ कराउनुभयो । “मेरा परमेश्वर, मेरा परमेश्वर तपाईले मलाई किन त्याग्नुभयो ?” (मर्कुस १५:३३) ।

अन्तमा येशू सिपाहीहरु संग बोल्नुभयो र भन्नुभयो



येशुले हाम्रो पापको लागि यातना झेल्नुभयो र प्राण त्याग्नु भयो

“मलाई तिर्खा लाग्यो” (यूहन्ना १९:२८) । सिपाहीले केहि मद्य सिर्कामा राखेर पिउनदियो । जब येशूले सिर्काबाट पिउनुभयो, उहाँ ठूलो सोरले कराउनुभयो “समाप्त भयो” (यूहन्ना १९:३०) तब उहाँले प्रार्थना गर्नुभयो “पिता मेरो आत्मा म तपाईलाई सुम्पन्छु” (लुका २३:४७) । यि शब्दहरु संगै येशूले प्राण त्याग्नुभयो ।

त्यहि क्षण भुकम्प गएर शहरमा ठुलो कम्पन भयो । भुकम्पले ठुला ठुला चट्टानहरु टुक्रिएर चिहानहरु खुले । मन्दिरको बाक्लो पर्दा बिचभागमा च्यातियो । येशूलाई क्रुसमा चडाउने बेलामा सम्मिलित भएको रोमी सिपाहीको कप्तान ले सबै कुरा देखेपछि भन्यो “यी साच्चै परमेश्वरका पुत्र रहेछन् (मर्कुस १५:३६)।

एक जना सिपाही येशूको मृत्यूभएको होकि होईन निश्चित हुन चाहान्थ्यो । त्यसैले उसले येशूको कोखामा भालाले घोच्यो र घोचेको ठाउँबाट रगत र पानी बग्यो ।

*पेजका ५९ उत्तरहरु: ५. राजा ६. गिल्ला ७. दुई ८. स्वर्ग ९. यूहन्ना*

१०. मध्यान्हको समयमा सूर्यले ____________________ दिन छोड्यो ।

११. येशू यसो भनेर कराउनुभयो "मेरा परमेश्वर, मेरा परमेश्वर तपाईले मलाई किन _____________________ ?

१२. अनि येशूले सिपाहीहरुलाई उहाँ _______________________ भन्नुभयो ।

१३. उहाँ कराउनुभयो " _______________________ "।

१४. उहाँले प्रार्थना गर्नुभयो "म मेरो __________________ तपाईलाई सुम्पन्छु" ।

*पेज ६४ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

सूर्य अस्ताउने बेला दुईजना मानिसहरु क्रुसको नजीकै आए । तिनीहरु निकोदेमस र अरमेथियाको योसेफ थिए । तिनीहरु यहुदी धार्मिक सभाका सदस्यहरु थिए तर येशूलाई मार्ने कुरामा सहमत थिएनन् । तिनीहरुले भित्रीरुपमा येशूमा बिश्वास गरेका थिए ।

तिनीहरुले येशूको शरिरलाई चिहानमा राख्ने अनुमति पायलट बाट पाएका थिए । तर तिनीहरुलाई हतार थियो । बिश्रामको दिन नजीकै थियो । यहुदी नियमअनुसार बिश्रामको दिनमा कुनैपनि ठुलो कामगर्नु हुदैनथ्यो ।

त्यसैले तिनीहरुले येशूको शरिर क्रुसबाट तल झारेर सुतीको कपडाले बेह्रे र सुगन्धित मसलाहरु राखे ।

तिनीहरुले उहाँको शरिरलाई नजीकैको बगैचामा राखे । त्यो योसेफको पहरा खोपेर बनाईएको चिहान थियो । त्यहाँ तिनीहरुले येशूलाई चिहानमा राखे ।

केही स्त्रीहरु जो येशूमा बिश्वास गर्दथे, भैरहेका सबै घटनाहरु हेरिरहेका थिए । तिनीहरुले बिश्राम दिनको भोलीपल्ट आईतबार सुगन्धित मसलाहरु लिएर आउने निश्चय गरे । तिनीहरु येशूको शरिरमा मसलाहरु राख्न चाहान्थे ।

शरिर चिहानमा राखिएको थियो, सानो गुफा जो पहाडको भित्तामा थियो । गुफाको प्रवेशद्धारमा बिशाल ढुङ्गाले छोपिएको थियो ।
योसेफ, निकोदेमस र स्त्रीहरु फर्केर गए । सूर्य अस्तायो र येशूको मृत्यूको दिन समाप्त भयो ।

१५. दुईजना मानिसहरु, अरमेथियाको _______________ र _____________________ ले येशूको शरिर गाडे ।

१६. तिनीहरुले येशूको शरिरलाई _________________ नजीकै गाडे ।

१७. तिनीहरु हतारिएका थिए किनकी __________________ दिन नजीकै थियो ।

१८. केही स्त्रीहरुले _______________ को दिन चिहानमा आएर येशूको शरिरमा सुगन्धित मसलाहरु राख्ने निर्णय गरे ।

१९. ति मानिसहरुले चिहानको प्रवेशद्धार ठुलो ढङ्गाले बन्दगरे ।

*पेज ६६ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

अर्को दिन रोमी सिपाहीहरु त्यहाँ आए । पुजारीहरुले पायलटलाई चिहानको शुरक्षा गर्न लगाएका थिए । तिनीहरु येशूका अनुयायीहरुले चिहानबाट शरिर चोरेर लानेछन् र येशू बिउझनु भएको छ भन्नेछन् भनेर डराएका थिए । सिपाहीहरुले चिहानको मुखमा ताला लगाईदिए ताकि कसैले खोलेर भित्र जान नपाओस । सिपाहीहरु आईतबार बिहान सम्म रातदिन शुरक्षा दिईरहे ।

*पेज ६२का उत्तरहरु: १०. प्रकाश ११. त्यागनुभयो १२. तिर्खा लाग्यो १३. समाप्त भयो १४. आत्मा*

२०. अनुयायीहरुले येशूको शरिर __________________भनेर प्रधानपुजारीहरु डराए ।

२१. तिनीहरुले पायलटलाई ___________________ शुरक्षा दिन लगाए ।

*पेज ६६ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

## अध्याय चारको शारांश

पायलटका सिपाहीहरुले येशूलाई येरुशलेमको गल्लीहुदै डोरयाए । उहाँले आफ्नो क्रुस बोक्नुभएको थियो । अन्त्यमा उहाँ साह्रै कमजोर भएपछि भिडबाट एकजनालाई उहाँको क्रुश बोक्न लगाईयो । तिनीहरु गलगत्थाको खप्पर भन्ने ठाउँमा आईपुगे । जो कल्वरीको नामले चिनिन्छ र येशूलाई क्रुसमा किला ठोकेर झुण्डयाए ।

उहाँले प्रार्थना गर्नुभयो "पिता तिनीहरुलाई क्षमा गर्नुहोस, यिनीहरु के गर्दैछन् जान्दैनन्" । पायलटले येशूको क्रुशको माथि एउटा संकेत राख्न लगाए । त्यो संकेतमा यस्तो लेखिएको थियो "येशू यहुदीहरुका राजा हुन्" । मुख्य पुजारीहरु र भिडले येशूलाई जीस्काए र गिल्ला गरे ।

येशू संगै दुईजना अपराधीहरु पनि क्रुसमा झुण्डीरहेका थिए । ति दुई मध्य एकजनाले येशूको गिल्ला गरयो । तर अर्कोले येशूलाई उहाँको राज्यमा आउँदा सम्झन बिन्ती गरयो । येशूले भन्नुभयो "म तिमीलाई साँचो भन्दछु तिमी मसंग आजै स्वर्गमा हुनेछौ" ।

येशू कि आमा र यूहन्ना क्रुस मुनि थिए । उहाँले आफ्नो आमालाई यसरी यूहन्नाको जिम्मा दिनुभयो "नारी यि तिम्रा पुत्र, तिम्री आमा" ।

मध्यान्हको समयमा सूर्यले प्रकाश दिन छोड्यो र येशू ठुलो सोरले कराउनुभयो "मेरा परमेश्वर,मेरा परमेश्वर तपाईले मलाई किन त्याग्नुभयो ?" अनि उहाले भन्नुभयो "मलाई तिर्खा लाग्यो" । तिनीहरुले उहाँलाई पिउने कुरा दिए । तब उहाँ कराउदै बोल्नुभयो "समाप्त भयो" । उहाँले प्रार्थना गर्नुभयो "पिता म मेरो आत्मा तपाईको हातमा सुम्पदछु" । अनि येशूले प्राण त्याग्नुभयो ।

*पेज नं. ६४ का उत्तरहरु: १५. योसेफ, निकदोमस १६. बगैचा १७. सवाथ १८. आईतबार १९. ढुङ्गा पेज नं. ६५ का उत्तरहरु: २०. चोर्नु २१. बिहान*

अनि त्यहाँ ठुलो भुईचालो गयो । रोमी कप्तानले भने यी मानिस साच्चै परमेश्वरका पुत्र रहेछन् । एकजना सिपाहीले उहाँको कोखामा भालाले घोचेर उहाँको मृत्यू भएको निश्चय गरयो ।

येशूका केही अनुयायीरुले उहाँको शरिरलाई चिहानमा राख्ने अनुमति पाए । तिनीहरुले चाडै नै यो काम सिद्धयाउनु पर्दथ्यो । त्यो दिन समाप्त हुदै थियो । बिश्रामको दिनमा तिनीहरु कुनै ठुलो काम गर्न पाउदैथे । तिनीहरुले येशूको शरिरलाई योसेफको नजीकैको चिहानमा राखे । त्यो चिहान चट्टानलाई खोपेर बनाईएको एउटा सानो गुफा थियो । केहि स्त्रीहरु जो येशूमा बिश्वास गर्दथे, आईतबार आएर अन्त्यष्टि प्रक्रिया पुरागर्ने निर्णय गरे । तिनीहरुले एउटा ठुलो ढुङ्गा चिहानको मुखमा गुडाएर बन्दगरे र गए ।

अर्को दिन प्रधानपुजारीले पायलट संग चिहानमा शुरक्षादिन सिपाहीहरु खटाइमागे । येशूका चेलाहरुले उहाँको शरिर चोर्नेछन् र येशू फेरीउठ्नुभयो भन्नेछन् भनेर तिनीहरु डराएका थिए । त्यसैले चिहानबाट कसैले शरिर नचोरोस भनेर सिपाहीहरुले शुरक्षा दिए ।

## अध्याय चारको जाँच

१. सिपाहीहरुले येशूलाई ________________ भन्ने ठाउँमा लगे ।

२. त्यहाँतिनीहरुले उहाँलाई ______________________ किला ठोके ।

३. _____________________ अरु मासनहरु पनि येशूसंगै क्रुसमा झुण्डीएका थिए ।

४. उहाँलाई क्रुसमा मृत्यूदण्ड दिने सिपाहीहरुलाई ___________________ दिन येशूले पितासंग प्रार्थना गर्नुभयो ।

५. येशूको क्रुसमा राखिएको संकेतले भन्दथ्यो "येशू ________________ हरुका राजाहुन्"।

६. येशूले आफ्नो _________________ लाई हेरचाह गर्न यूहन्नाको जिम्मा दिए ।

७. _____________________ को समयमा सूर्यले प्रकाश दिन छोड्यो ।

८. येशू मेरा परमेश्वर मेरा परमेश्वर ____________________ किन त्याग्नुभयो भनेर कराउनुभयो ।

९. येशूले _______________ तिर्खा लागेको छ भन्नुभयो ।

१०. उहाँ ______________________ भनेर कराउनुभयो ।

११. उहाँले आफ्नो ____________________ परमेश्वरको हातमा सुम्पनुभयो र प्राण त्याग्नुभयो ।

१२. _____________ आएर शहरमा कम्पनभयो ।

१३. रोमी सिपाहीहरुको कप्तान आएर भन्यो "साच्चै यी मानिस_________________ पुत्र रहेछन् ।

१४. येशूको शरिर उहाँले प्राण त्याग्नुभएको ठाउँ नजीकै ______________________ राखियो ।

१५. अन्तेष्टिको काम सबै हतारमा गर्नुपरयो किनकी _______________ को दिन सुरुहुन लागेको थियो, जुन दिन कुनै कामगर्नु हुदैन्थ्यो ।


१६. केहि _____________________ जो येशूमा बिश्वास गर्दथे, आईतबार बिहान चिहानमा फर्कने निणय गरे ।

१७. चिहानको ढोकामा एउटा ____________________ गुडाएर राखियो ।

१८. पछि केहि ____________________ हरु आएर चिहानको सुरक्षा गरे ।

१९. प्रधानपुजारीहरु येशूका ____________________ मृत शरिर चोरेर लानेछन् भनेर डराएका थिए ।

*पेज नं. १०५ मा हेरेर तपाईका उत्तर जाच्नुहोस ।*



# अध्याय पाँच

## येशूको मृत्यू हुनुको कारण

झ्यालखानामा भएको मानिसलाई मृत्यूदण्ड दिईसकेपछि मानिसहरु प्रश्नहरु सोध्न सुरु गर्दछन् । । कैदीको मृत्यू कस्तो थियो ? उसले के भन्यो ? उसलाई कति पिडाभयो ? आदि ।

तर सधै आईरहने सबैभन्दा ठुलो प्रश्न “किन उसको मृत्यू यसरी भयो” । के कारणले उसलाई फाँसीतिर डोरयायो ? जवाफ उसको बितेको समयमा रहेको हुन्छ । उसका अपराधहरु के थिए ? र कसरी उसले ती कुराहरु गर्नपुग्यो ? जवाफ नियममा पनि रहेको हुन्छ र यसले उसको अपराध र दण्डको बारेमा के भन्छ ?

येशूको बारेमा कुरा यसको जावफ त्यति सजीलो छैन् । धेरै मानिसहरु बिचार गर्दैछन् कि उहाँको मृत्यू असजह थियो । तिनीहरुले यहुदी अगुवाहरुलाई वा पायलट वा सिपाहीहरुलाई आरोप लगाउँछन् । यस अध्यायमा हामी येशू ख्रिष्टको मृत्यूको लागि साचो अर्थमा को जीम्मेवार थिए ? भन्ने बारेमा कुरा गर्ने छौ । यस अध्यायको समाप्तिपछि तपाई यि कुराहरुको उत्तरहरु दिन सक्षम हुनुहुनेछ ।

- हामीलाई भन्नसक्नुहुन्छ कसले बास्तवमा येशूको मृत्यूको योजना बनायो र ल्यायो

- हामीलाई भन्नसक्नुहुन्छ येशूको मृत्यूले हाम्रा पापहरुको बारेमा के गरयो

- हामीलाई भन्नसक्नुहुन्छ किन येशू मृत्यूबाट फेरीउठनुभयो ?

सयौंबर्ष सम्म मानिसहरु येशूको मृत्यूको लागि कसैलाई आरोप लगाउन चाहान्थे । कसैले तिनीहरुका औला प्रधापुजारीहरु तर्फ उठाए । अरुले पन्तियस पायलटलाई यसको कारण माने । अरुकोहीले सम्पुर्ण यहुदी कुललाई नै दोषी ठहरयाए ।

यसले गर्दा धेरै बर्ष सम्म यहुदीहरुको बिरुद्धमा सताब्दीयौ सम्म डरलाग्दा अपराधहरु भए ।

ति मानिसहरु जसले त्यो शुक्रबार येशूलाई मारे, दोषी थिए । सम्पुर्ण यहुदीहरुलाई दोष लगाउनु चाहिं निश्चय पनि मुर्खता हो । तर त्यहाँ अर्को कोही हुनुहुन्थ्यो, जसले येशूलाई क्रुसमा ल्याउनको लागि अरु सबैले भन्दा बढी गर्नुभयो । उहाँ परमेश्वर हुनुहुन्छ ।

१. येशूको मृत्यूको लागि को ____________________ छ भनेर सताब्दीयौं सम्म मानिसहरु जान्न जान्न चाहान्थे ।

२. कसैकसैले गलतप्रकारले पुरै ______________________ कुललाई आरोप लगाए ।

३. येशूको मृत्यूको लागि एकजना सबै भन्दा बढी जिम्मेवार हुनुहुन्छ, र उहाँ ____________________ हुनुहुन्छ ।

*पेज नं. ७४ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

किन परमेश्वरले उहाँको आफ्नो छोरालाई मार्न चाहानुहुन्थ्यो ? किन परमेश्वरले एकजना यस्तो मानिसलाई मार्न चाहनुहुन्थ्यो, जसले आफ्नो जिवनमा कहिल्यै पनि पाप गर्नुभएन् ? कारण चाहिं परमेश्वर न्यायी हुनुहुन्छ, परमेश्वर पवित्र हुनुहुन्छ र परमेश्वर प्रेमी हुनुहुन्छ ।

हामी हाम्रा पापको लागि परमेश्वरबाट अनन्तको मृत्यू पाउनै पर्दथ्यो । आदिमा परमेश्वरले मानव जातीलाई पवित्र र पापरहित बनाउनु भएको थियो । उहाले भन्नुभएको थियो, यदि हामीले उहाँ आज्ञा बिरुद्ध पाप गरयौ भने हामी अवश्य मर्नेछौ । मृत्यूको अर्थ शारीरिक रुपमा मर्नुभन्दा पनि अझ बढी हुन्छ । यसको अर्थ तपाईले गर्नुभएको दुष्टकार्य को कारणले तपाईको आत्मा दण्डको रुपमा नर्कमा कष्ट भोगीरहनेछ । यो सबैभन्दा भयानक कैद जस्तै हो तपाई यसबाट कहिल्यै पनि छुटकारा पाउन सक्नुहुदैन् ।

परमेश्वर हाम्रो न्यायाधिश हुनुहुन्छ र न्यायी हुनुहुन्छ । उहाँ हामी सबै बाट मृत्यूशब्द किनारा लाउन सक्नुहुन्न् । उहाँले त्यो बाइबलमा स्पष्ट गर्नुभएकोछ । सबै मानवजातीले पापको मुल्य तिर्नुपदथ्यो र पापको दण्ड चाहिं अनन्तको मृत्यू हो ।

तर परमेश्वर प्रेमी पनि हुनुहुन्छ । उहाँ मानिसहरुलाई नर्कमा पठाउन चाहानुहुदैन् । उहा तिनीहरुलाई सदासर्बदा को लागि आफुसंगै रहेको चाहानुहुन्थ्यो । बाइबल यसको लागि पनि स्पष्ट छ ।

*पेज नं. ७३. का उत्तरहरु: १. दोष , २. याहुदी ३. परमेश्वर*

परमेश्वरले इजकियलमा १८:३२ मा भन्नुभयो । जब कसैको मृत्यूहुन्छ, यसले मलाई आनन्द दिदैन् । उहाँ सबै मानिसहरु बचाईएको चाहानुहुन्छ, बाइबलले १ तिमोथी २:४ मा भन्दछ ।

४. हामीले हाम्रा ________________________ को लागि परमेश्वरबाट अनन्तको मृत्यूको भागि भएकाछौ ।

५. मृत्यूको अर्थ हाम्रा पापहरुको लागि अनन्त सम्म ______________________ कष्ट भोग्नुहो ।

६. किनकी परमेश्वर __________________ हुनुहुन्छ, उहाँ मृत्यूलाई हामीबाट किनारा लगाउन सक्नुहुन्न् ।

७. किनभने परमेश्वर ___________________ परमेश्वर हुनुहुन्छ, उहाँ हामीले सदासर्वदा उहाँसगैं रहेको चाहनुहुन्छ ।

८. परमेश्वर _____________________ बचाइएको चाहनुहुन्छ ।

*पेज नं. ७६ मा हेरेर तपाईका उत्तर जाच्नुहोस ।*

कसरी परमेश्वरले यसलाई ल्याउनुभयो ? हामी नरकमा जान योग्यका थियौ । किनभने उहाँ न्यायी हुनुहुन्छ, परमेश्वरले हामीलाई अनन्तको मृत्यूको दण्डदिनुपर्दथ्यो ।

तर उहाँ प्रेमी हुनुहुन्छ र हामीलाई अनन्त जीवन दिन चाहनुहुन्छ ।

उत्तर येशूख्रिष्ट हुनुहुन्थ्यो । येशूहाम्रो प्रतिस्थापक हुदैंहुनुहुन्थ्यो । एउटा प्रतिस्थापन भनेको हाम्रो ठाउँ लिनुहो । यसरी येशूक्रुसमा झुण्डिएर परमेश्वरले हाम्रो पापको लागि उहाँलाई दण्डदिनुहुन्थ्यो । हामीले पाउनुपर्ने अनन्तको मृत्यू येशूले लिएर घण्टौं क्रुसमा झुण्डीनुभयो । येशूले हाम्रा साटो हाम्रा पापको दण्डको कष्ट भोग्दै हुनुहुन्थ्यो ।

एउटै पापपनि दण्डरहित भएन् तर हामी पापीहरु दण्डरहित हुदैंथियौं । येशूले एकजना व्यक्ति जो कुनै बेला गरिएका प्रत्येक पापमा सहभागी हुन्छ, त्यस्तो व्यवहार गर्दैहुनुहुन्थ्यो । र परमेश्वरले तब ती पापहरु बाट हामीलाई क्षमा गर्नुहुन्थ्यो ।

९. उत्तर येशूको ____________________ थियो

१०. येशू हाम्रो ________________________ हुदैंहुनुहुन्थ्यो ।

*पेज नं. ७५. का उत्तरहरु: ४. पापहरु ५. नर्क ६.न्यायी ७. प्रेमी ८. सबैलाई*

११. येशूले हाम्रो साटोमा हाम्रा ______________________ को कष्ट भोग्नुभयो ।

१२. एउटै पाप पनि _______________ हुदैन ।

१३. परमेश्वर तिनीहरुको लागि हामीहरुलाई ________________ गर्नुहन्छ ।

*पेज नं.७६मा हेरेर तपाईका उत्तर जाच्नुहोस ।*

तर येशूको कथा यो चिहानमा आएर समाप्त हुदैन् । पहिले भनिए जस्तै नर्क सदासर्वदाको लागि दण्ड हो । यदि येशूको मृत्यूमात्रै भएकोभए उहाँ परमेश्वरको पुत्र हुनुहुन्न भन्नेकुरा प्रमाणित हुनसक्थ्यो । उहाँको मृत्यूले साच्चै हाम्रो पापको मोल तिरेको होईन भन्ने प्रमाणित हुनसक्थ्यो । यसको अर्थ हामीहरु आफैले पापको मोल नर्कमा गएर तिर्नुपर्दथ्यो ।

र्मनुभन्दा केहिक्षण अघि येशू ठुलो स्वरमा कराउनुभयो “समाप्त भयो” हाम्रा पापको लागि मोल तिर्ने उहाँको काम समाप्त भयो । त्यसैले उहाले यो भन्नुभयो । तर हामीले कसरी जान्ने कि यो सत्य हो ?

यदि तपाईले कानुन भङ्ग गर्नुभयो भने तपाई झ्याखानामा जानुपर्नसक्छ । जब तपाईको कैदको समय समाप्त हुन्छ तिनीहरले तपाईलाई जान
दिनेछन् ।

तपाई कैद छोड्नुहुन्छ र तपाई अब स्वतन्त्र पुरुष वा स्त्री हुनुहुन्छ । तपाईको क्षण तपाईले तिर्नुभयो र तपाईको लागि त्यो “समाप्त भयो” । त्यहि सत्यता येशूको हो । जब उहाँले हाम्रा सम्पुर्ण पापको वाक्य समाप्त गर्नुभयो । उहाँ त्यो कैद र त्यो चिहान छोड्न सक्षम हुनुभयो ।

यदि उहाँले यसो नगर्नुभएको भए हाम्रा पापको दण्ड समाप्त हुने थिएन र हामी प्रत्येकले हाम्रा पापको मोल तिर्नुपर्दथ्यो । उहाँले प्रतिज्ञा गर्नुभए जस्तै यदि येशू मृत्यूबाट फेरीउठ्नुभयो भने त्यसको अर्थ हो सदासर्वदाको हाम्रा पापहरुको मोल तिरिएकोछ ।

फरिसीहरु र पुजारीहरुले पायलटलाई भनेर येशूको चिहानमा सिपाहीहरु राख्न लगाए । तिनीहरु येशूका अनुयायीहरुले उहाँको शरिर चोर्नेछन् भन्ने डरले पहरादिईरहेका थिए । तर त्यहाँ ठुलो शक्तिले त्यतिबेला काम गरेकोछ । कसरी तिनीहरुले उहाँलाई बाहिर आउनबाट रोक्न सक्थे ?

*पेज नं. ७६ – ७७ का उत्तरहरु: ९. कुस १०. पतिस्थापन ११. दण्ड १२. दण्ड नदिनु १३. क्षमा*

१४. यदि येशू मृत्यूमै रहिरहेको भए यो प्रमाणित हुन्थ्यो कि उहाँ अझै ________________________ मा हुनुहुन्छ ।

१५. यदि येशू मृतक नै रहनुभएको भए यो प्रमाणित हुन्थ्यो कि उहाँले हाम्रा ________________________ मोल तिर्नुभएन् ।

१६. यदि येशू अझै मृतक नै रहनु भएको भए ____________________ हाम्रा पापको लागि नरकमा तिर्नु पर्दथ्यो ।

१७. जब येशू प्राण त्याग्दैहुनुहुन्थ्यो, उहाँले भन्नुभयो "____________________" ।

१८. यदि येशू मृतकबाट फेरीउठ्नुभयो भने यसको अर्थहो हाम्रा पापहरुको ________________________ छ ।

*पेज नं. ८० मा हरेर तपाईका उत्तरहरु जाच्नुहोस*

## अध्याय पाँचको शारांश

येशूको मृत्यूको लागि धेरै मानिसहरु आरोपित भए । कसैले फारसी र प्रधानपुजारीलाई आरोप लगाए । कसैले पन्तियस पायलटलाई आरोप लगाए । कसैले गलतप्रकारले पुरै यहुदी जाति माथि आरोप लगाए । तर उहाँ परमेश्वर हुनुहुन्थ्यो जसले येशूको मृत्यू ल्याउनुभयो ।

उहाँले येशूलाई मर्नको लागि सुम्पनुभयो कि येशू हामीलाई बचाउन सक्नुहुनेछ । उहाँ न्यायी, असल परमेश्वर हुनुहुन्छ । उहाँले भन्नुभयो कि उहाँले हाम्रा पापको लागि मोल तिर्नै पर्दछ । दण्ड चाहि मृत्यू हो । मृत्यूको अर्थ चाहि सदासर्वदा नै हाम्रा पापको लागि नर्कमा कष्टभोग्नु हो । परमेश्वर न्यायी हुनुहुन्छ, उहाँले यो दण्डलाई किनारा लगाउन सक्नुहुन्न् ।

उहाँ प्रेमी परमेश्वर पनि हुनुहुन्छ । उहाँ हाम्रा पापहरु क्षमा गर्न चाहनुहुन्छ । उहाँसंग स्वर्गमा सदासर्वदा हामी रहेको उहाँ चाहनुहुन्छ ।

परमेश्वर येशू ख्रिष्टको क्रुसमा प्रेमी र न्यायी दुबै हुनुभयो । उहाँले येशूलाई हाम्रो प्रतिस्थापक बनाउनुभयो जो हाम्रा पापहरुको लागि हाम्रो साटो दण्डीत हुदैहुनुन्थ्यो । जब उहाँ क्रुसमा झुण्डीइरहनु भएको थियो, येशूले हाम्रा पापहरुको लागि नर्कको दण्डको कष्ट भोग्दै हुनुहुन्थ्यो । परमेश्वरको न्याय सन्तोषजनक थियो किनकी सम्पुर्ण मानव जातिका सबै पापको निम्ति येशूको मृत्यूद्धारा तिरिएको थियो । परमेश्वरको प्रेम पनि देखा परयो किनकी जब हाम्रा पापहरुको लागि येशू दण्डीत हुदैहुनुहुन्थ्यो, हामी उहाद्धारा क्षमा गरियौं ।

*पेज नं. ७९ का उत्तरहरु: १४.नर्क १५. पापहरु १६. हामी १७. समाप्त भयो १८. तिरी सकेको*

जब येशू मर्दैहुनुहुन्थ्यो, उहाँ कराउनुभयो “समाप्त भयो” । उहाँको अर्थ यो थियो कि हाम्रा पापहरुको मोलतिर्ने उहाँको लक्ष्य पुराभयो । यदि उहाँ चिहानमा नै रहिहरेको भए यसको अर्थ यो हुनसक्थ्यो कि उहाँ अझैपनि हाम्रा पापको लागि नरकमै हुनुहुन्छ । यसको अर्थ यो पनि हुनसक्थ्यो कि हाम्रा पापहरुको मोल पुरै तिरिएकोछैन् । तब हामी आफैले हाम्रा पापको मोल तिर्नु पर्दथ्यो । तर जब येशू फेरी उठनुभयो यसको अर्थ यो हो कि त्यहाँ एउटै पाप बाकी छैन् जसको मोल तिरिएको छैन् । यसको अर्थ हाम्रा सबै पापहरुको मोल तिरिसकिएको छ र हामी पुर्णरुपमा परमेश्वरबाट क्षमा पाएका छौ ।

## अध्याय पाँचको जाँच

१. कोही मानिसहरु गलत तरिकाले पुरै _______________ जातिलाई येशूको मृत्यूको दोष लगाउदछन् ।

२. येशूलाई मृत्यूमा पुरयाउनको लागि सबैभन्दा बढी गर्ने चाहिं _______________ हुनुहुन्थ्यो ।

३. परमेश्वर __________________परमेश्वर हुनुहुन्छ । परमेश्वर पक्षपाती हुनुहुन्न् ।

४. हामीले हाम्रपापको लागि सदासर्वदा नै नर्क मा _________________ को भागिदार भएका थियौं ।

५. परमेश्वर _____________________ परमेश्वर हुनुहुन्छ, जो हामीलाई सदासर्वदा उहाँ संगै रहेको चाहनुहुन्छ ।

६. परमेश्वरले येशूलाई हाम्रो ________________ बनाउनुभयो जो हाम्रो साटोमा कष्ट भोग्दै हुनुहुन्थ्यो ।

७. येशू मर्नुभयो ताकि हामी ___________________ सकौं ।

८. जब येशू मर्दैहुनुहुन्थ्यो, येशूले भन्नुभयो "_______________ भयो" ।


९. यदि येशू मरेको मरयै रहनुभएको भए उहाँ अझै पनि ______________ हुनुहुन्थ्यो ।

१०. यदि येशू मृत्यूमै रहेको भए तब ______________ आफैले हाम्रा पापको लागि मोल तिर्नुपर्दथ्यो ।


११. येशूको पुनरुत्थान भएकोले यसको अर्थ यो हो कि हाम्रा पापहरु ___________________ छन् ।

*पेज नं. १०८ मा हेरेर तपाईका उत्तर जाच्नुहोस ।*

अतिरिक्त प्रश्न: कसरी येशूको पुनरुत्थान एक जना मानिसको लागि कैदबाट मुक्त भए जस्तै हो व्याख्या गर्नुहोस ।



एउटा स्वर्गदुतले येशू जिवीत हुनुहुन्छ र उहाँको चिहान खाली छ भन्नेकुरा स्त्रीहरुलाई भने ।



## अध्याय छ

# येशू ख्रिष्टको पुनरुत्थान

यदि यो पुस्तक कुनै अन्य कुराको बारेमा भएको भए त्यो अध्याय नै अन्तिम खण्ड हुने थियो । इतिहासका प्रत्येक मानिसहरुको लागि मृत्यू नै समाप्ती हो ।
हुनसक्छ कुनै मानिसको जीवन अथवा तिनीहरुको काम ले महत्व राख्दछ तर जब तिनी हरुको मृत्यूहुन्छ, त्यसले तिनीहरु जीवनकथा नै समाप्त हुन्छ ।

तर यो पुस्तक येशू ख्रिष्टको बारेमा हो । मृत्यू नै उहाँको समाप्ती थिएन् । प्रत्येक वर्ष इस्टर को बेला हामी कसरी येशू मृत्यूबाट जीवित हुनुभयो भनेर सम्झ्ना गर्दछौं । हामी यस अध्यायमा पहिलो इस्टर सन्डेमा के भयो भनेर पत्ता लगाउने छौं । हामी यो पनि पत्ता लगाउने छौं कि यसको अर्थ केहो ?

यस अध्यायको समाप्ती पछि तपाई यि निम्न कुराहरुको उत्तरहरु दिन सक्षम हुनुहुनेछ ।

* हामिलाई पहिलो इस्टर को बारेमा बणर्न गर्न सक्नुहुनेछ ।

* येशूको मृत्यूबाटको पुनरुत्थानलाई प्रमाणित गर्नै तीनकुराहरु बयानगर्न सक्नुहुनछ।

आईतबार बिहान त्यहाँ अर्को एउटा भुकम्प गयो । चिहानमा पहरा दिन बसेका सिपाहीहरु भुकम्पको कारणले जमीनमा पछ्रारिए । तर यसले तिनीहरु साहै डराए । तर ऊनिहरु डराउनु को कारण अर्कै थियो ।

आकाशबाट एकजना स्वर्गदुत चिहानमा ओर्लिए । उनी सूर्यको जस्तै चहकिलो थिए । उनले चिहानको मुखको बिशाल ढुङ्गालाई हटाएर त्यस माथि बसे । सिपाहीहरु यो दृष्य देखेर डराएका थिए बेहोसीबाट उठे र शहर तिर दगुरे ।

जब सूर्य उदाउदै थियो, केही स्त्रीहरु जो येशूलाई चिहानमा राख्दा त्यहा थिए, तिनीहरु चिहानमा आए । तिनीहरुले सुगन्धित मसला तिनीहरु संग ल्याएका थिए । तिनीहरु मृत्यूसंस्कार लाई पुरागर्न गईरहेका थिए । तब तिनीहरले त्यो ढुङ्गालाई सम्झे । जब तिनीहरु चिहान भएको ठाउँमा जादै थिए तिनीहरु त्यो ढुङ्गा कसले गुडाईदेला भनेर चिन्तित थिए ।

तर जब तिनीहरु चिहानको नजीकै आईपुगे । तिनीहरले देखे कि त्यो ढुङ्गा पहिले नै हटाईएको थियो । ति स्त्रीहरु मध्ये एकजना मरियम मग्दलिन शहरमा फर्केर आइन् । उनी त्यो कुरा येशूका अनुयायीहरुलाई बताउन चाहन्थिन् । अरु स्त्रीहरु चिहानमा गए । तिनीहरुले देखे कि त्यो चिहान रित्तो थियो । येशूको शरिर त्यहाँ थिएन । तब एकजना स्वर्गदुत तिनीहरु कहाँ देखापरे र तिनीहरुलाई येशू फेरीउठनु भएकोछ भने । उहाँ तिनी हरुलाई यो कुरा अनुयायीहरुलाई भन्नुभने ।

१. आईतबार बिहान त्यहाँ अर्को एउटा ________________ गयो, जसले जमीन काम्न थाल्यो ।

२. स्वर्गबाट एउटा ______________________ तल आए ।

३. स्वर्गदुतले चिहानको मुखबाट ____________________ हटाए ।

४. ______________________________ डराए र बेहोस भए र पछि तिनीहरु शहर तिर दगुरे ।

५. येशू शरिरमा सुगन्धित मसलाहरु राख्न केही _________________ चिहानमा आए ।

६. तिनीहरु मध्ये एकजना ____________________________ येशूका अनुयायीहरुलाई भेटन शहर तिर दगुरिन् ।

७. स्वर्गदुतले भने येशू __________________________ भएकोछ ।

*पेज नं.९० मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

जब ति स्त्रीहरु शहर तिर फर्कँदै थिए । येशूका दुईजना अनुयायीहरु चिहानमा आए । तिनीहरु पुत्रस जसले येशूलाई तीनपटक सम्म इन्कार गरेको थियो र यूहन्ना थिए । तिनीहरुले येशूलाई बेह्रेर राखेको कपडाहरु देखे । ति कपडाहरु त्यहि थिए । तब तिनीहरु शहरमा फर्किए ।

तर मरियम मग्दलिन चिहानमा गएर रुन थालिन् । उनी येशूलाई धेरै आदर गर्दथिन् । उनीले बिचार गरिन कि येशूको शरिरलाई कसैले चोरेर लगेछ ।

र उनीले तिनी किन रोइरहेकि छिन् भन्ने आवाज सुनीन् । तिनीले बिचार गरिन कि त्यो आवाज त्यस ठाउँको हेर बिचार गर्ने मानिसको हो, तर जब उहाले तिनको नाम बोलाउनु भयो उनीले चिनिन् कि उहाँ येशू हुनुहुन्थ्यो ।

उनीले येशूका अनुयायीहरुलाई आफुले येशूलाई देखेको कुरा भनिन् । अरु स्त्रीहरुले भने कि  तिनीहरु ले स्वर्गदुतलाई देखे । तर मानिसहरुले तिनीहरलाई बिश्वास गर्नसकेनन् । तिनीहरुले बिचार गरे कि स्त्रीहरुले कल्पना गर्दैछन् ।

८. येशूका दुईजना अनुयायीहरु ______________________ र ______________________ चिहानमा हेर्न आए ।

९. येशूलाई _____________ _____________ हरु अझै पनि त्यहाँ थिए ।

१०. ________________ ________________ चिहानमा आएर रुन थालिन् ।

११. तिनीले येशूको शरिर कसैले ______________________ भन्ने बिचार गरिन् ।

१२. जब उन को पछादि ब्यक्तिले उन को नाम भन्यो तब उनले चिनिन कि वँहा ____________________ हुनुहुन्छ।

*पेज नं.९१मा भएका उत्तरहरु हरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

पछि त्यहि दिन येशूका दुई जना अनुयायीहरु येरुशलेमबाट केहि माईल टाढाको बाटोमा गाउँ जान हिडीरहेका थिए । त्यो गाउँको नाम इम्माउस थियो । एक जना अनौठो व्यक्तिले तिनीहरु संगै हिडन सुरु गरयो ।

तिनीहरुले येशूलाई के भयो भन्ने बारेमा कुरागर्न सुरु गरे । तिनी मानिसहरुले दु:खी थिए र येशूको मृत्यूको बारेमा साह्रै बिलाप गर्दैथिए । तर त्यस अनौठो व्यक्तिले भन्यो कि तिनीहरुले बाइबललाई बुझेका छैनन् । “येशूले पापको लागि दु:ख भोग्नु पर्दथ्यो” । उसले भन्यो “तब उहाँ महिमामा फेरी उठनु हुनेछ” ।

जब तिनीहरु इम्माउसमा पुगे, तिनी मानिसहरुले त्यो अपरिचित लाई तिनीहरुको घर मा बस्न अनुरोध गरे र उ त्यहि बस्यो । तिनीहरु भित्र गए र खाना तयार पारे । त्यो अपरिचीत ले तत्कालै प्रार्थना गरेर तिनीहरुलाई रोटी बाड्यो । उ यस्तो गर्दैथियो कि उत्यस घरको मालिक हो । अब ति मानिसहरुले उसलाई चिने । उहाँ येशू हुनुहुन्थ्यो । तिनीहरुले त्यो महशुस गर्ने बितिकै तिनीहरुको नजरबाट उहाँ अलप हुनुभयो ।

*पेज नं. ८७ – ८८ का उत्तरहरु: १. भुकम्प २. स्वर्गदुत ३. ढुङ्गा*
*४. सिपाहिहरु ५. स्त्रीहरु ६. मरियम मग्दलिन ७. उठ्नु*

१३. दुई जना अनुयायीहरु ________________ नामको गाउँमा जान बाटोमा हिडीरहेका थिए ।

१४. एक जना ________________________ तिनीहरु सगै हिड्यो ।

१५. उहाले ____________________बाट तिनीहरुलाई किन येशू मर्नुभयो भनेर व्याख्या गरयो ।

१६. पछि अनुयायीहरुले चिने कि उहाँ बास्तवमा _________________ हुनुहुन्थ्यो ।

*पेज नं.९२ मा हरेर तपाईका उत्तरुहरु जाच्नुहोस*

ति दुई जना मानिसहरु इम्माउसबाट येरुशलेममा अरु अनुयायीहरुलाई भएको सबै कुरा बताउनलाई दगुरे । तिनीहरुले थाहा पाए कि पत्रुसले पनि येशूलाई जीवित भएको देखेका थिए । त्यहिबेला ढोका लगाईराखिएको भएता पनि येशू तिनीहरुसंग कोठामा आउनुभयो ।

तिनीहरु डराउन थाले र उहाँ येशू नै हुनुन्छ भन्नेकुरामा तिनीहरुले बिश्वस गर्न सकेनन् । उहाँले तिनीहरुलाई शंका नर्गन भन्नुभयो । यो उहाँले तिनीहरुलाई पहिल्यै नै जे हुनेछ भन्नुभएको थियो, त्यहि भएको थियो । तब तिनीहरुले बिश्वास गरे र खुशी भए ।

*पेजका ८९का उत्तरहरु: ८. पत्रुस , युहन्ना ९. मृत्युसंस्कारको कपडा १०. मरियम मग्दलिन ११. चोरिएको १२. येशू*

तिनीहरु मध्ये एकजना थोमा त्यहाँ थिएन । जब अरुले उसलाई येशूलाई देखेको कुरा बताए उसले तिनीहरुको कुरामा बिश्वास गरेन् । थोमाले भन्यो "जबसम्म म उहाँका हातमा किलाका डोबहरु देख्दिन र उहाँका किलाका डोबहरुमा मेरा औला हाल्दिन् र उहाँको काखामा मेरा हात हाल्दिन् तबसम्म म बिश्वास गर्नेछैन्" (यूहन्ना २०:२५)।

अर्को हप्ता सबै चेलाहरु त्यहि कोठामा भेलाभएका थिए । त्यसबेला थोमा पनि तिनीहरु संग त्यहाँ थिए । येशू फेरी तिनीहरुको अघि आएर उभिनुभयो । उहाँले थोमालाई भन्नुभयो "तिम्रा औलाहरु यहाँ राख र मेरा हातहरु हेर । तिम्रो हात बढाएर मेरा कोखामा हेर, शंका नगर" ( यूहन्ना २०:२७) ।

थोमाले घुडाटेकेर पश्चाताप गरयो र बिश्वास गरयो । तब येशूले भन्नुभयो तिमी मलाई देखेको कारणले बिश्वास गर्दछौ तर तिनीहरु धन्य हुन जो मलाई नदेखीकन नै बिश्वास गर्दछन् (यूहन्ना २०:२९) ।

*पेजका ९१ का उत्तरहरु: १३. ईम्माउस १४.अनौठो १५. बाइबल १६. येशु*

ति शब्दहरुसंगै येशूहाम्रो बारेमा कुरागर्दैहुनुहुन्थ्यो । हामीले उहाँलाई जीवित अवस्थामा देखेनौ । हामी बिभिन्न प्रकारका मानिसहरुले घेरिएका छौ जो हामीलाई येशू जीवित हुनुहुन्न् भन्दछन् । तर हामीले फरक प्रकारले जानेका छौ । बाइबलले भन्दछ कि उहाँ जीवित हुनुहुन्छ र उहाँ हुनुहुन्छ । हामी बिश्वास गर्दछौ कि यो साँचो हो ।

१७. येशू अर्को अनुयायीहरु ____________________ कहाँ देखापर्नुभयो ।

१८. जब येशू अनुयायीहरु कहाँ देखापर्नुभयो तिनीहरुले उहाँ नै हुनुहुन्छ भनेर __________________ गर्न सकेनन् ।

१९. एकजना अनुयायी ______________________ त्यहाँ थिएन् ।

२०. उसले येशूको हात र कोखामा __________________ ले नछोए सम्म बिश्वास गर्न इन्कार गरयो ।

२१. धन्यहुन तिनीहरु जसले मलाई _____________________ छैनन् तर बिश्वास गर्दछन् ।

*पेज नं.९४ मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।*

येशू मृत्यूबाट जीवित भएको कारणले तपाईलाई थाहा छ कि हाम्रा सबै पापहरुको मोल तिरिएकोछ । यसको बारेमा हामीले अघिल्लो अध्यायमा छलफल गरेका थियौ । यदि तपाईको एउटै पापको मोल तिरिएको छैनभने येशू फेरी उठ्न सक्नुहुन्न् ।

येशू मृत्यूबाट फेरीउठ्नुभएको कारणले हामी जान्दछौ कि उहाँ साच्चै परमेश्वरको पुत्र हुनुहुन्छ । तपाई सम्भनुहुन्छ यहुदीहरुको सभामा येशूको परिक्षा लाई ? उहाँले निश्चित गराउनु भयो कि उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ । परमेश्वरले उहाँलाई मृत्यूलाई हराउने अनुमति दिनुभएन् यद्दपी उहाँ भुटो बन्दैहुनुहुन्थ्यो । यसरी जब येशू मृत्यूबाट फेरीउठ्नुभयो, उहाँले जे भन्नुभयो त्यो साँचो हो भन्नेकुरा उहाँले प्रमाणित गर्नुभयो ।

उहाँको मृत्यूबाटको पुनरुत्थानले अभै एउटा कुरा प्रमाणित गर्दछ । यसले यो प्रमाणित गर्दछ कि एकदिन हामी पनि मृत्यूबाट फेरीउठ्नेछौ । येशूले भन्नुभयो कि उहाँ कुनै दिन संसारमा आउनुहुनेछ । त्यो न्यायको दिन हुनेछ । उहाँले हामीहरुलाई हाम्रा चिहानहरुबाट फेरी उठाउनु हुनेछ र हामी उहाँ संग सदासर्वदाको लागि रहनेछौ । त्यो उहामा बिश्वास गर्ने सबैलाई उहाँको प्रतिज्ञा हो । उहाँले हामीलाई पनि मृत्यूबाट फेरी उठाउनु हुनेछ जसरी उहाँ आफै फेरीउठ्नुभयो ।

| |
|---|
| *पेज ९३ का उत्तरहरु १७.* पत्रुस *१८. विश्वास १९. थोमा* <br> *२०. घाउ २१. देखपर्नु* |

२२. येशूको मृत्यबाटको पुनरुत्थानले प्रमाणित गर्दछ कि हाम्रा सबै ____________________मोल तिरीसकिएकोछ ।

२३. यदि उहाँको पुनरुत्थान नभएको भए हामी आफैले हाम्रा पापहरुको ___________________पर्दथ्यो ।

२४. यहुदीहरुको धार्मिक सभामा उहाँको परिक्षा हुदा येशूले उहाँ परमेश्वरको पुत्र हुन्छ भन्ने __________________________ गर्नुभयो ।

२५. यदि उहाँ _________________ हुनुभएको भए परमेश्वरले उहाँलाई फेरी उठन दिनुहने थिएन ।

२६. येशूले फेरी आउने र हामीलाई मृत्यूबाट _______________ प्रतिज्ञा गर्नुभएकोछ ।

२७. उहाँको पुनरुत्थानबाट उहाँले ______________________________गर्नुभयो कि उहाँ फेरी आउनसक्नु हुन्छ ।

पेज नं.९८मा हरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

येशूले उहाँको पुनरुत्थान भएको चालीस दिन सम्म यस संसारमा उहाँका अनुयअयीहरु संग बिताउनुभयो । उहाँ तिनीहरु संग धेरै ठाउँमा आउनुभयो ।



*येशु मृत्यु बाट उठ्नु भयो र स्वरगमा फर्कनु भयो*

एक पटक उहाँ पाँच सय भन्दा बढी मानिसहरुको बिचमा आउनुभयो जुन मानिसहरु उहाँलाई बिश्वास गर्दथे ।

अन्त्यमा येशू आफ्ना अनुयायीहरु सित येरुशलेम भन्दा बाहिरको अग्लो पहाडमा जानुभयो । त्यहाँ उहाँ बादलले नढाकुन्जेल सम्म आकाशमा उचालिनुभयो । यसरी उहाँ स्वर्गमा फर्किनुभयो । उहाँका अनुयायीहरु आकाशमा हेरेर त्यहाँ उभिरहेका थिए । तब त्यहाँ दुईजना स्वर्गदुतहरु देखापरे र तिनीहरलाई सोधे, तिनीहरु यहाँ के हेर्दैछन् " ग्यालिल मानिसहरुहो " ति स्वर्गदुतले भने तिमीहरु किन यहाँ उभिएर आकाशमा हेरिरहेका छौ ? येशू तिमीहरुबाट आकाशमा लगिनुभयो तर जसरी तिमी हरुले उहाँलाई गइरहनु भएको देख्यौ उहाँ यसरी नै फेरी आउनुहुनेछ" ( प्रेरित १:११) |

र उहाँ आउनुहुनेछ । उहाँ एकपटक तिमीहरुका पापहरुको निम्ती मर्न आउनुभयो । र उहाँ तिमीहरुलाई उहाँसंगै स्वर्गमा हुनलाई लैजान फेरी आउनुहुनेछ । यसरी येशूको मृत्यू र पुनरुत्थानको कथा तपाईलाई उहाँले कति धेरै प्रेम गर्नुहुन्छ भन्ने कथा हो । उहाँले तपाईको लागि आफनो जीवन दिनुभयो ।

येशू तपाइलाई स्वर्गमा अनन्त जीवन दिनको लागि फेरी आउनुहुनेछ । जसको कुनै अन्त हुनेछैन् ।

२८. येशू मृत्यूबाट फे री उठेपछि ________________ दिन सम्म संसारमा रहनुभयो ।

२९. उहाँ एकपटक ____________ भन्दा बढी मानिसहरु कहाँ देखा पर्नुभयो ।

३०. अन्त्यमा उहाँ अनुयायीहरु संग ______________ शहरको बाहिरको पहाडमा जानुभयो ।

३१. त्यहाँ उहाँलाई ____________________ ले नढाके सम्म उहा आकाशमा उचालिनुभयो ।

३२. दईजना _______________ ले अनुयायीहरु येशू फेरि आउनुहुनेछ भने ।

पेज नं. १०० मा हेरेर तपाईका उत्तरहरु जाच्नुहोस ।

*पेजका ९५ का उत्तरहरु: २२. पापहरु २३. तिर्नु २४. भन्नुभयो २५. झुठो २६. उठाउनु २७. प्रमाणित*

## अध्याय छ को शारांश

आईतबार बिहान त्यहाँ एउटा अर्को भुकम्प गयो । स्वर्गबाट एउटा स्र्वगदुत आए र चिहानको मुखमा भएको ढुङ्गा हटाए । सिपाहीहरु डराएर बेहोस भए । अनि जब तिनीहरु होसमा आए र शहर तिर भागे ।

पछि बिहान सुगन्धित मसलाहरु लिएर केही स्त्रीहरु आए । जब तिनीहरुले चिहानको मुखमा भएको ढुङ्गा हटाइएको देखे, तिनीहरमध्ये एउटा यो सबै भन्न शहर तिर दगुरिन् । तिनी मरियम मग्दलिन थिईन् । अरु स्त्रीहरु चिहानमा गए । स्वर्गदुतले तिनीहरुलाई भने कि येशू फेरी उठनुभएको छ उहा जीवित हुनुहुन्छ ।

दुईजना अनुयायीहरु पुत्रस र यूहन्ना चिहानमा हेर्न आए । अनि मरियम मग्दलिन पनि आईन् । उनी पहिलो व्यक्ति थिईन जसले येशूलाई जीवित देखेकी थिईन् । तर अनुयायीहरुले तिनलाई बिश्वास गरेनन् ।

पछि दुई जना मानिसहरु इम्माउसको बाटोमा हिडीरहेका थिए । एक अपरिचीत पनि तिनीहरु संग हिडीरहेको थियो । येशूले किन दु:ख भोग्नभयो र मर्नुभयो भनेर उसले बाइबलबाट व्याख्या गरयो ।

जब तिनीहरु इम्माउसमा आफ्नो घरमा पुगे, तिनीहरुले उसलाई चिने कि उहाँ येशू हुनुहुन्थ्यो । उहाँ अलप हुनुभयो र तिनीहरु येरुशेममा दगुरे ।

येशू अनुयायीहरुकहाँ चालीस दिनसम्म देखापर्नुभयो । एकपटक पाँच सय भन्दाबढी मानिसहरुको भिडको सामु उहाँ देखापर्नु भयो । अन्त्यमा उहाँले अनुयायीहरुलाई लिएर येरुशलेम भन्दा बाहिरको डाँडामा जानुभयो । त्यहाँ उहाँ बादलमा उचालिनुभयो । दुईजनाअनुयायीहरुले अनुयायीहरुसित येशू यसरी नै बादलमा फेरी आउनुहुनेछ भनेर प्रतिज्ञा गरे ।

*पेजका ९८ का उत्तरहरु: २८. चालिस २९. पाँच सय ३०. येरुस्लम ३१. बादल ३२. स्वर्गदुत*

## अध्याय छ को जाँच

१. ______________________ को बिहान त्यहाँ अर्को भुकम्प गयो ।

२. स्वर्गदुतले चिहानको मुखमा भएको ठुलो _______________________ हटायो ।

३. सिपाहीहरु डरले गर्दा _________________________________ भए ।

४. स्त्रीहरु बिहानको समयमा येशूको शरिरमा ____________________ आए ।

५. स्वर्गदुतले तिनीहरुलाई उहाँ ________________________ भएको छ भने ।

६. दुईजना अनुयायीहरु __________________र _______________ चिहानमा हेर्न आए ।

७. येशूलाई जीवित हुनुभएको देख्ने पहिलो व्यक्ति ______________________________________________ थिईन् ।

८. ______________________________________ को बाटोमा दुई जना मानिसहरुले  येशूसंग कुरागरे ।

९. येशूको पुनरुत्थानमा शंका गर्ने अनुयायीको नाम______________________ थियो ।

१०. येशूको पुनरुत्थानले उहाँले हाम्रा पापको मोल पुरारुपमा ___________________ भन्ने प्रमाणित गर्दछ ।

११. येशूको फेरीउठाईले उहाँ साच्चै _________________ को _________________ हुनुहुन्छ भन्ने प्रमाणित गर्दछ ।

१२. येशूको फेरीउठाईले जब उहाँ फेरी आउनुहुनेछ, हामीलाई मृत्यूबाट _____________________________ गराउनुहुनेछ भन्ने प्रमाणित गर्दछ ।

१३. येशू __________________________ शहर बाहिरको डाँडाबाट स्वर्गमा उचालिनुभयो ।

१४. येशूफेरी स्वर्गको
____________________________________आउनुहुनेछ।

१५. उहाँ________________________________ उहाँसंगै स्वर्गमा हुनलाई लैजान आउनुहुनेछ ।

*पेज नं. १०८ मा हेरेर तपाईका उत्तर जाच्नुहोस ।*

# शब्दावली

| | |
|---|---|
| उत्सव | बितेका समयमा भएको घटनाको महत्वपुर्ण दिन |
| अभिषेकगर्नु | सुगन्धित मसलाहरुले ढाक्नु |
| पक्राउगर्नु | कानुन अनुसार कसैलाई लैजानु |
| विश्वासघात | कसैलाई सत्रुको हातमा पार्न सहयोग गर्नु |
| सिजर | रोमी शासक |
| सताव्दी | सय बर्ष |
| प्रधानपुजारी | पुजाहारीहरुको मुख्य व्यक्ति |
| मशिह | आउनुहुने उद्धारकर्ताको लागि यहुदी नाउँ |
| मोसा | पुरानो यहुदी राज्यको पहिलो अगुवा |
| ईस्टर | पुरानो यहुदीहरुको महान चाड |
| फारसी | यहुदीहरुको एउटा समूह जो आफैलाई धेरै पवित्र ठान्दथे |
| भविष्यबाणी | भविश्यवक्ताहरुले बोलेको वा परमेश्वरबाट लेखेको कुरा |

| | |
|---|---|
| पुजारी | धार्मिक नेता |
| सबाथको दिन | यहुदीहरुको बिश्रामको दिन, शनिबार |
| उद्धारक | तपाईलाई छुटकारा दिने व्यक्ति |
| चिहान | मृत शरिर राख्ने ठाउँ |

# ०४ अध्याय जाचँका

**अध्याय एक:**

१. संसारिक २. फरसी ३. रोमी ४. निस्तार ६. मोसा ७. पाठो ८. संसारिक ९. अनन्त १०. गधा ११. खजुरको आईतबार (पाम सन्डे ) १२. हुलदङ्गा १३. मार्नु १४. यहुदा इस्करयोती १५. व्यापारीहरु, पैसा साट्नेहरु १६. छलगर्ने १७. मुख्य पुजाहारी, फारसी १८. बिहिबार

**अध्याय दुई:**

१. बिहिबार २. महानता ३. पापहरु ४. यहुदा इस्करयोती ५. पत्रुस ६. प्रभुभोज ७. गेतसमनी ८. चुम्बन ९. बचन १०. दगुरयो ११. झुटा १२. पुत्र १३. मृत्यू

**अध्याय तीन:**

१. पन्तियस पायलट २. मृत्यू ३. झुण्डयाइयो ४. मुक्त ५. हुलदंङ्गा, कर ६. गयालिल ७. आश्चर्यकाम ८. बिरुद्धमा ९. पुत्र १०. सत्य ११. घाईते १२. बारब्बा १३. क्रुसमा झुण्डयाउनु

**अध्याय चार:**

१. गलगत्था २. क्रुस ३. दुई ४. क्षमा ५. यहुदी ६. आमा ७. दिउसो ८. किन ९. सिपाहीहरु १०. समाप्तभयो ११. सम्पुर्ण जीवन १२. भुकम्प १३. परमेश्वर १४. चिहान १५. बिश्राम दिन १६. स्त्रीहरु १७. ढुङ्गा १८. सिपाहीहरु १९. अनुयअयीहरु

**अध्याय पाचौं:**

१. यहुदी २. परमेश्वर ३. मात्र ४. दण्डीत ५. प्रिय ६. प्रतिस्थापक ७. क्षमा गरिएको ८. समाप्त भयो ९. नर्क १०. हामी ११. क्षमा

**अध्याय छः**

१. आईतबार २. ढुङ्गा ३. बेहास भए ४. अभिषेकगर्न ५. फेरी उठको ६. पुत्रस, यूहन्ना ७. मरियम मग्दलिन ८. इम्माउस ९. थोमा १०. तिरी सकेको ११. परमेश्वर, पुत्र १२. फेरी उठेको १३. येरुशलेम १४. बादल १५. हामी

| ७२ | # अन्तिम जाँच |
| --- | --- |

अघि तपाईले अध्यायको जाँचमा कहि त्रृटी गर्नुभएको छ भने पुनरावलोकन गर्नुहोस । अध्यायको सुरुमा ताराले संकेत गरेको लक्ष्यहरु पनि एक पटक हेर्नुहोस ।
जब तपाईलाई लाग्छ कि तपाई सबै अध्यायको जाँचका प्रश्नहरुको उत्तरहरु पुस्तक नहेरेर लेख्न सक्नुहुन्छ, अब तपाई अन्तिम जाँचको लागि तयार हुनुहुन्छ ।
पुस्तकमा नहेरेर अन्तिम जाँच पुरागर्नु होस । जब तपाई जाँच पुरा गर्नुहुन्छ तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई त्यो दिनुहोस अथवा यस पुस्तकको पछाडी भएको ठेगानामा पठाउनुहोस । तपाई यस श्रंखलाका अरु पुस्तकहरु पनि मगाएर पढन्सक्नुहुन्छ ।

## ७२ *येशूख्रिष्टको मृत्यू र पुनरुत्थान को अन्तिम जाँच*

१. मोसाको दिनमा कसरी यहुदीहरु दासत्व र मृत्यूबाट छुटकारा पाए भन्नेबारेमा

________________________________________

ईस्टर चाँड मनाईन्छ ।

२. येशू येरुशलेममा आउनुभएको दिनलाई हामी ______________________ चाँड भन्दछौ ।

३. सर्वसाधारण मानिसहरु येशूले ____________________ राजा भएको चाहान्थे तर उहाँ _______________________ राजा हुनलाई आउनुभयो ।

४. येशूका मुख्य शत्रुहरुमा यहुदीहरुमा मन्दिरका _______________________ र _________________________________ जो आफैलाई पवित्र मानिसहरु सम्झन्थे ।

५. येशूका शत्रुहरुले उहाँको खचान्जी _________________________ लाई येशूलाई धोका दिन राजी गराए ।

६. बिहिबार राती येशूले उहाँको सम्झना स्वरुप अनुयअयीहरुलाई एउटा भोज दिनुभयो जसलाई हामी

______________________________

भन्दछौ ।

७. येशू ______________________________ को बगैचामा पकाउ पर्नुभयो ।

८. येशूलाई मुख्य पुजारीहरुले सपथमा ल्याएर उहा ______________ को ______________________ पुत्र हुनुहुन्छ ।

९. यहुदी अगुवाहरुले येशूलाई मार्ने अधिकार नभएको कारणले उनीहरुले उहाँलाई रोमी शासक

______________________________

______________________________

कहाँ लगे ।

१०. सुरुमा रोमी शासकले येशूलाई ______________________________ चाहयो ।

११. येशू गालिल बाट आउनुभएको कारणले उहाँलाई गालिलको राजा ______________________________ ______________________________ कहाँ पठाईयो ।

१२. येशूलाई ______________________________ किला ठोकियो ।

१३. उहाँको क्रुसमा राखिएको पाटीमा “ येशू ________________________________________ हरुको राजा हो” लेखिएको थियो ।

१४.मृत्यूहुनु भन्दा केहि अघाडी येशू यसो भनेर कराउनुभयो “ ____________________________________ भयो ”।

१५. येशूको शरिरलाई चिहानमा राखियो र एउटा ठुलो ____________________________________________________ यसको मुखमा राखियो ।

१६. केही रोमी ____________________________________ चिहानमा पहरा दिईराखे ताकि चेलाहरुले मृत शरिर चोर्न नसकुन् ।

१७. परमेश्वर न्यायी हुनुहुन्छ, निष्पक्ष हुनुहुन्छ, उहाँले हाम्रा पापको ______________________________________ दिनुहुन्छ ।

१८. पापको दण्ड चाहिं सदासर्वदाको लागि ___________________________________________ मा कष्ट भोग्नुहो ।

१९. परमेश्वर ______________________ हुनुहुन्छ, परमेश्वर जो हाम्रा पापहरु क्षमा गर्न चाहनुहुन्छ र हामीलाई सदासर्वदा उहाँसंग ______________________________________ रहेको चाहनुहुन्छ ।

२०. येशू हाम्रो ___________________ हुनुहुन्छ जसले हाम्रो साटोमा दण्ड र कष्टभोग्नुभयो ।

२१. यदि येशू मृत नै रहनुभएको भए हामीले नै हाम्रा _____________ को मोल तिर्नुपर्दथ्यो ।

२२. येशू मृत्यूबाट फेरी उठ्नुभएको दिनलाई हामी ____________________ ____________________ भन्दछौ ।

२३. ___________________________ ले चिहानको मुखबाट ढुङ्गालाई हटाए ।

२४. येशू जीवितहुनु भएको देख्ने पहिलो व्यक्ति _________________________________ थिईन् ।

२५. येशूले उहाँको अनुयायी _________________________________ लाई उहाँका घाउहरु देखाएर उहाँ जीवित हुनुहुन्छ भनेर बिश्वास दिलाउनुभयो ।

२६. ________________ दिन पछि येशू ____________________________ उचालिदै स्वर्गमा जानुभयो ।

२७. येशूको पुनरुत्थानले यो प्रमाणित गर्दछ कि हाम्रा सबै पापहरु ________________________________ छन् ।

२८. येशूको पुनरुत्थाने यो प्रमाणित गर्दछ कि उहाँ साच्चै ________________ को ________________ हुनुहुन्छ ।

२९. येशूको पुनरुत्थाने यो प्रमाणित गर्दछ कि जब उहा आउनुहुनेछ उहाँ __________________ पनि मृत्यूबट पुनरुत्थान गर्नुहुनेछ ।

३०. येशूको मृत्यू र पुनरुत्थानले यो देखाउदछ कि उहाँ हामी लाई कति धेरै ______________________________ गर्नुहुन्छ ।

अतिरिक्त प्रश्न

कसरी येशु को मृत्यु र पुनरुत्थानले हाम्रो सबै पापको मोल तिरिसकेको छ भन्ने कुरा प्रमाणित गर्दछ बर्णन गर्नुहोस ।

Multi-Language Productions
Bringing the Word to the World

**The Death and Rising of Jesus Christ-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 387433**